# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक ६१ | काठमाडौं | शनिबार, ०८ असार २०८१ | Prabhab National Daily | Saturday, June 22, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**तातो हावा "लु" बाट जोगिने उपाय**

- सकेसम्म दिउँसो घरबाट बाहिर ननिस्कने,
- निस्कनै परे पातलो कपडाले टाउको छोप्ने वा छाता ओड्ने,
- फलफूलको रस र पानी प्रशस्त पिउने,
- धेरै पसिना आएमा जीवनजल पिउने,
- चिसो पानीले नुहाउने,
- कामकाज सकभर बिहान वा बेलुका गर्ने,
- मदिरा सेवन नगर्ने,
- सकेसम्म चिया, कफी, सोडा जस्ता पेय पदार्थ नपिउने।

नेपाल सरकार
**विज्ञापन बोर्ड**




**जोखिम मोलेर साघु तर्दै** | धौलागिरि आइसफल पदमार्गअन्तर्गत म्याग्दीको रघुगंगा गाउँपालिका–७ चिमखोलाको कोखेभिरस्थित रघुगंगा नदीमा अस्थायी साँघुबाट पर्यटकका सामान बोकेर खोला पार गर्दै गरेका भरिया । अक्करे भीरमा बाटो नछिचोलिएको र नदीमा पनि पुल नभएकाले यहाँ साँघुबाट वारपार गर्नुपर्ने बाध्यता रहेको छ ।

*तस्बिर: कमल खत्री/रासस*

# २४ खर्ब नाघ्यो सार्वजनिक ऋण

- ११ महिनामा करिब दुई खर्ब ऋण थपियो
- कूल सार्वजनिक ऋणमा आन्तरिक ऋणको हिस्सा ४९.६८ र बाह्य ऋणको हिस्सा ५०.३२ प्रतिशत
- बहुपक्षीय ऋणदातालाई १० खर्ब ७१ अर्ब ११ करोड रूपैयाँ तिर्न बाँकी
- आन्तरिक ऋणतर्फ विकास बण्डको दायित्व सबैभन्दा बढी सात खर्ब ६४ अर्ब ९४ करोड




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** मुलुकको सार्वजनिक ऋण बर्सेनि थपिने क्रमले यो वर्ष पनि निरन्तरता पाएको छ। चालु आर्थिक वर्षको ११ महिनामा नै करिब दुई खर्ब रूपैयाँले सार्वजनिक ऋण बढेको छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार चालु आर्थिक वर्ष २०८०/८१ को जेठ मसान्तसम्ममा मुलुकको कूल सार्वजनिक ऋण २४ खर्ब रूपैयाँ नाघेको छ। चालु आवको सुरुआत अर्थात् २०८० असार मसान्तमा कूल सार्वजनिक ऋण २२ खर्ब ९९ अर्ब ३५ करोड रूपैयाँ बराबर थियो। त्यसयताको ११ महिनामा मात्र एक खर्ब ९९ करोड रूपैयाँ बराबर ऋण थपिएको कार्यालयले जनाएको छ।

हालसम्मको कूल सार्वजनिक ऋणमा आन्तरिक ऋणको हिस्सा ४९.६८ र बाहय ऋणको हिस्सा ५०.३२ प्रतिशत रहेको छ। कूल ऋणमध्ये ११ खर्ब ९२ अर्ब ४८ करोड रूपैयाँ आन्तरिक र १२ खर्ब सात अर्ब ८६ करोड रूपैयाँ बाह्य ऋण रहेको कार्यालयको तथ्यांक छ।

बाहय ऋणतर्फ बहुपक्षीय ऋणदातालाई १० खर्ब ७१ अर्ब ११ करोड रूपैयाँ र द्विपक्षीय ऋणदातालाई एक खर्ब ३६ अर्ब ७४ करोड रूपैयाँ बराबर तिर्न बाँकी छ। त्यस्तै, आन्तरिक ऋणतर्फ विकास बण्डको दायित्व सबैभन्दा बढी सात खर्ब ६४ अर्ब ९४ करोड रूपैयाँ बराबर छ। हालसम्मको ट्रेजरी बिलको दायित्व चार खर्ब १२ अर्ब ६९ करोड रूपैयाँ, नागरिक बचतपत्रको दायित्व १० अर्ब ७५ करोड रूपैयाँ, वैदेशिक रोजगारी बचतपत्रको दायित्व १७ करोड रूपैयाँ र आइएमएफ बण्डको दायित्व तीन अर्ब ९१ करोड रूपैयाँबराबर छ।

(क्रमशः पृष्ठ २ मा)

## ११ महिनामा सवा १३ खर्बको व्यापार घाटा

**काठमाडौं (प्रस)–** चालु आर्थिक वर्ष २०८०/८१ को ११ महिना अवधिमा मुलुकले १३ खर्ब १४ अर्ब ४४ करोड रूपैयाँ बराबर व्यापार घाटा बेहोरेको छ। भन्सार विभागले शुक्रबार सार्वजनिक गरेको चालु आर्थिक वर्षको जेठ मसान्तसम्मको वैदेशिक व्यापारको तथ्यांकअनुसार यो अवधिमा नेपालले १४ खर्ब ५३ अर्ब ७० करोड ४१ लाख रूपैयाँको आयात गर्दा एक खर्ब ३९ अर्ब २६ करोड २३ लाख रूपैयाँबराबरको मात्रै निर्यात गरेको हो।

विभागका अनुसार ११ महिनामा नेपालले कूल १५ खर्ब ९२ अर्ब ९६ करोड ६५ लाख रूपैयाँ बराबरको वैदेशिक व्यापार गरेको छ। गत आर्थिक वर्षको सोही अवधिमा गरेको कूल वैदेशिक व्यापारको तुलनामा यो १.९५ प्रतिशतले कम हो। गत आर्थिक वर्ष २०७९/८० को जेठ महिनासम्ममा कूल १६ खर्ब २४ अर्ब ५६ करोड रूपैयाँबराबरको वैदेशिक व्यापार भएको थियो। गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षमा आयात १.८४, निर्यात ३.१ र वैदेशिक व्यापार घाटा १.७२ प्रतिशतले घटेको हो।

(क्रमशः पृष्ठ २ मा)

## आठ देशका राजदूत सिफारिस

**काठमाडौं (प्रस)–** सरकारले विभिन्न आठ देशका राजदूत नियुक्तिका लागि सिफारिस गरेको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा शुक्रबार बसेको मन्त्रिपरिषद्को बैठकले राजदूतहरू नियुक्तिका लागि सिफारिस गर्ने निर्णय गरेको हो।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरीका अनुसार भारतका लागि पूर्वमुख्यसचिव लोकदर्शन रेग्मी, अमेरिकाका लागि पूर्वसचिव चन्द्र घिमिरे, बेलायतका लागि डा. विजन पन्त, दक्षिण कोरियाका लागि सुशील प्याकुरेल, डेनमार्कका लागि सुम्निमा तुलाधर, स्पेनका लागि पुष्पराज रञ्जितकार, मलेसियाका लागि नेत्रप्रसाद तिमल्सिना र साउदी अरबका लागि अबुसुफयान खान मुसलमानलाई राजदूत नियुक्तिका लागि सिफारिस गरिएको हो।

मन्त्रिपरिषद् बैठकले विभिन्न व्यक्तिलाई अवैतनिक वाणिज्यदूत पदमा नियुक्त गरेको छ।

(क्रमशः पृष्ठ २ मा)

## भैरहवा र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा जोड

**काठमाडौं (प्रस)–** सरकारले राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेका गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालन गर्ने भएको छ। प्रधानमन्त्री पुष्पकमल दाहालले दुई अन्तर्राष्ट्रिय विमानस्थाललाई पूर्ण क्षमतामा सञ्चालन गर्नेबारे उच्चस्तरीय छलफल गरेका हुन्।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा शुक्रबार भएको छलफलमा प्रधानमन्त्री दाहालले ती विमानस्थल पूर्ण क्षमतामा सञ्चालन गर्ने विकल्प र उपायहरूबारे सरोकारवालासँग छलफल गरेका छन्। संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री हितबहादुर तामाङका अनुसार छलफलमा प्रधानमन्त्रीले दुवै विमानस्थल राष्ट्रिय गौरवका आयोजना र देशका लागि रणनीतिक महत्त्वका परियोजना भएकामा जोड दिँदै पूर्ण क्षमतामा सञ्चालनका निम्ति सरकारी निकायले समन्वयकारीरूपमा समाधान खोज्नुपर्ने बताएका छन्।

राष्ट्रिय गौरवका दुवै परियोजना निर्माणमा राज्यको ठूलो लगानी भइसकेकाले उनले निजी क्षेत्रलेसमेत पर्यटन पूर्वाधारमा लगानी गरिसकेको परिस्थितिमा ती विमानस्थलहरू पूर्ण क्षमतामा सञ्चालन गर्नुको विकल्प नरहेको बताएका छन्। प्रधानमन्त्री दाहालले विमानस्थलहरू सञ्चालनको ठोस प्रस्ताव चाँडो ल्याउन पर्यटन मन्त्रालय र नागरिक उड्डयन प्राधिकरणलाई निर्देशन दिएका छन्।

काठमाडौंस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा एयर ट्राफिकको समस्या रहेकाले यसको उचित समाधान दिनुपर्ने आवश्यकता रहेको औंल्याए। वैदेशिक रोजगारीमा जाने यात्रुहरू र अन्य यात्रुहरूलाई भैरहवा र पोखराबाटै उडान गराउनेगरी तयारी गर्नुपर्नेमा उनको जोड छ। त्यसका लागि श्रम स्वीकृति, अध्यागमन, मेडिकललगायत सरकारी सेवा पोखरा र भैरहवामा व्यवस्थित गरिनुपर्नेमा प्रधानमन्त्री दाहालले जोड दिए।

(क्रमशः पृष्ठ २ मा)

संसदीय समितिको निर्देशन

## खनिजजन्य पदार्थ उत्खननबारे स्पष्ट कानुन बनाऊ

**काठमाडौं–** प्रतिनिधिसभाअन्तर्गतको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले खानी तथा खनिज पदार्थको उत्खननका सम्बन्धमा स्पष्ट कानुनी व्यवस्था गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिएको छ।

खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को व्यवस्थामा परिमार्जन तथा संशोधन गरी समयानुकूल बनाउन समितिले निर्देशन दिएको हो। शुक्रबारको बैठकमा नेपाल सिमेन्ट उत्पादक संघबाट प्राप्त निवेदनका सन्दर्भमा छलफल गरी उक्त निर्णय गरेको समितिका सभापति अब्दुल खानले जानकारी दिए।



उनले भने, 'उक्त व्यवस्थाबाट स्वदेशी सिमेन्ट उद्योगहरूलाई नियमित सञ्चालन गर्न नसकिने गरी जारी भएको सूचनाबाट उद्योग बन्द हुने अवस्थामा रहेकोतर्फ समितिको गम्भीर ध्यानाकर्षण भएको छ।' खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम १९ को (ङ) मा खनिज पदार्थ भण्डारण गर्ने र जम्मा गर्ने स्थलमा खनिज कार्यको परिमाणको नाप गर्ने यथोचित यन्त्रहरू राख्नुपर्ने व्यवस्था छ। तर खानीस्थलबाट उत्खनन भएको खनिज पदार्थ यकीन गर्न तौलपुल मात्र प्रयोग गर्नुपर्ने व्याख्या भएको सिमेन्ट उत्पादक व्यवसायीहरूको भनाइ थियो।

हाललाई उद्योगस्थलमै रहेको तौलपुल प्रयोग गरी उत्खनित खनिजको परिमाण मापन गर्ने गरी छ महिनाको अवधि थप गर्न र खानी तथा खनिज पदार्थ नियमावली, २०५६ यथाशिघ्र संशोधन गरी खानी तथा खनिज पदार्थको उत्खननका सम्बन्धमा स्पष्ट कानुनी व्यवस्था गर्न मन्त्रालयलाई निर्देशन दिएको समितिका सभापति खानले जानकारी दिए।

बैठकमा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले निर्यात गर्नेमा सिमेन्ट उद्योग नै अगाडि रहेको उल्लेख गर्दै ऐनलाई चाँडो संशोधन गर्न काम गरिरहेको बताए। उनले भने, 'समयसापेक्ष नीतिगत सुधार गर्न आवश्यक छ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

## वैदेशिक रोजगारसम्बन्धी ठगीका उजुरी बढ्दै

**नेपालगञ्ज (प्रस)–** बाँकेमा वैदेशिक रोजगारीमा जानेलाई ठगी गर्नेविरुद्ध उजुरी गर्ने संख्या बढ्दै गएको छ। सुरक्षित आप्रवासन (सामी) कार्यक्रमअन्तर्गत जिल्ला प्रशासन कार्यालय बाँकेमा सञ्चालित आप्रवासी स्रोत केन्द्रमा आर्थिक वर्ष २०७७/७८ मा आठ उजुरी परेकामा आव २०८०/८१ मा त्यो संख्या ४७ पुगेको सामी कार्यक्रम बाँकेका संयोजक कमलसिंह नेपालीले जानकारी दिए। यो कार्यक्रम यहाँका चार स्थानीय तहमा सञ्चालित छ।

वैदेशिक रोजगारीमा जानेलाई एउटा काम भनेर अर्को काममा लगाउने, एउटा कम्पनी भनेर अर्को कम्पनीमा लैजाने र जानुपूर्व दिने भनिएको तलबभन्दा न्यून तलब दिने समस्या रहेको बताइएको छ। 'सामी कार्यक्रम सञ्चालन भएपछि स्थानीयमा चेतना जागृत भएको अवस्था छ, त्यही भएर उजुरीको संख्या बढेको छ,' संयोजक नेपालीले भने। कतिपय ठगीका उजुरीमा जिल्ला प्रशासनले पीडित र पीडकलाई बोलाएर क्षतिपूर्ति दिलाएर मिलापत्र गराउने र नमिलेमा वैदेशिक रोजगार विभाग पठाउने गरेको उनले बताए।

संयोजक नेपालीका अनुसार आप्रवासी स्रोत केन्द्रबाट एक वर्षमा १० हजार ७३६ जना र कार्यक्रम सञ्चालन भएको चार वर्षमा २८ हजार ४६६ जनाले सूचना र परामर्श लिएका छन्। सोही कार्यक्रमका सामाजिक परिचालन अधिकृत घनश्याम वलीले यहाँका नेपालगञ्ज, कोहलपुर, खजुरा र बैजनाथमा सञ्चालित वित्तीय साक्षरता कक्षा प्रभावकारी भएको बताए। वैदेशिक रोजगार बोर्डकी सामी कार्यक्रम अधिकृत लक्ष्मी चौधरीले श्रम स्वीकृति लिइ दक्ष भएरमात्रै वैदेशिक रोजगारीमा जानु उचित हुने सल्लाह दिइन्।


## नेपाल वैदेशिक रोजगार व्यवसायी संघको प्रेस विज्ञप्ति

विगत केही समयदेखि पत्रकार, सामाजिक अभियन्ता र युट्युबर हुँ भनि केही व्यक्तिहरु विभिन्न वैदेशिक रोजगार व्यवसायी संस्थाका सञ्चालक तथा कर्मचारीलाई हातपात, गाली गलौज गर्ने, धम्क्याउने, हुल हुज्जत गर्ने, संस्थाका कार्यालय र सामान तोडफोड गर्ने, व्यवसायीको चरित्र हत्या गर्ने उद्देश्य राखी विभिन्न अडियो तथा भिडियो रेकर्डिङ गर्ने लगायतका कार्यहरु गर्ने गरेको विषयमा संघको गम्भीर ध्यानाकर्षण भएको छ । देशमा पर्याप्त रोजगारीको अवसर नहुँदासम्म बेरोजगार युवायुवतीको रोजगारी व्यवस्थापन गर्ने एउटै मात्र विकल्पका रुपमा वैदेशिक रोजगार व्यवसाय स्थापित छ । राज्यका सम्बन्धित निकायमा कानून बमोजिम दर्ता भइ राज्यले तोकेको धरौटी राखी व्यवसाय गर्न इजाजत लिएर सञ्चालन भइरहेका वैधानिक संस्था हुन् । व्यवसायीहरुले आफ्ना संस्थाहरुमा लाखौं मानिसलाई रोजगारी दिएका छन् भने वार्षिकरुपमा करोडौं रुपैंया राजस्व तिरिरहेका छन् । वैदेशिक रोजगार ऐन २०६४ को अधिनमा रही व्यवसायीहरुले आफ्नो निजी प्रयास र लगानीमा बजार प्रवर्द्धन गरी विश्वका विभिन्न देशबाट मागपत्र ल्याइ सोही मागपत्रका आधारमा कामदार पठाउने र व्यवसायीले वैदेशिक रोजगारमा पठाएका कामदारहरुले पठाएको रेमिट्यान्सबाट देशको अर्थतन्त्र चलेको छ भने देशको कूल ग्राहस्थ उत्पादनमा वैदेशिक रोजगारको योगदान ३३ प्रतिशतभन्दा बढी रहेको तथ्य सबैलाई जानकारी भएकै विषय हो । नेपालको कूल जनसंख्याको ६० प्रतिशत घरधुरी वैदेशिक रोजगारमा गएका कामदारले पठाएको रकमबाट जीविकोपार्जन गरिरहेका छन् । वैदेशिक रोजगारमा कामदार पठाउने क्रममा व्यवसायीले नचाहँदा नचाहँदै परिस्थितिजन्य भैपरी आउने घटनाहरु सिर्जना हुन सक्दछ । यसै अवस्थाको पेरिफेरिमा रहेर व्यवसायीले पठाएका केही कामदारले सम्झौताअनुसारको तलब नपाएको र कामदार फर्किएको भन्ने विषयलाई मुद्दा बनाइ आफूलाई पत्रकार, युट्युबर, सामाजिक अभियन्ता भन्ने केही उच्छृंखल जमातले केही व्यवसायीलाई गरेको व्यवहार कानूनको गम्भीर उल्लंघन र भर्त्सनालायक कार्य भएकाले कानून हातमा लिने जो कोहीलाई पनि कारबाही गर्न नेपाल सरकारसमक्ष जोडदार माग गरिन्छ ।

व्यवसायी आफूले पठाएका कामदारप्रति पूर्ण जवाफदेही छन्, फर्किएका कामदारको समस्या समाधान गर्न प्रतिबद्ध पनि छन् र गरिरहेका पनि छन् । कुनै व्यवसायीले विदेश पठाएका कामदार तलब भत्ता नपाएर बिचल्लीमा परे कामदारलाई तलब भत्ता दिलाउन र उद्धार गर्नुपर्ने भए उद्धार गरिरहेको र भविष्यमा पनि गर्ने छन्। कुनै व्यवसायीले कामदारलाई सम्झौताअनुसार तलब, भत्ता, सुविधा नदिलाए, उद्धार गर्नुपर्नेमा उद्धार नगरे फर्किएका कामदारलाई क्षतिपूर्ति नदिए वैदेशिक रोजगार विभागलगायतका नियामक निकायले त्यस्ता व्यवसायीलाई कानूनको दायरामा ल्याइ व्यवसायीले राखेको धरौटी कटाइ क्षतिपूर्ति दिने, उद्धार गर्ने र व्यवसायीलाई कारबाही गर्दा संघले पूर्ण सहमति जनाएकै छ । कुनै पनि नाम वा आवरणमा कसैले पनि कानून हातमा नलिन सचेत गराउँदै कानूनको बर्खिलाप हुने गरी गैरकानूनीरुपमा व्यवसाय र व्यवसायी उपर आक्रमण भएमा यस संघ अझै सशक्त प्रतिकारमा उत्रने, साथै कानून हातमा लिने, लिन खोज्ने व्यक्ति तथा समूहलाई कारबाही गरी व्यवसायीको सुरक्षा गर्नका लागि नेपाल वैदेशिक रोजगार व्यवसायी संघ नेपाल सरकारसमक्ष जोडदार माग गर्दछौं ।

**राजेन्द्र भण्डरी**
**अध्यक्ष**

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
**तिलगंगा- ८. काठमाडौ, फोन नं. ०१-४५८०८६९ / ४५२४४१८**

# अल्पसंख्यकको अधिकार प्राप्तिका लागि ऐक्यबद्धता

**काठमाडौं (प्रस)–** लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायको अधिकार प्राप्तिका लागि सरोकार भएकाहरूले ऐक्यबद्धता जनाएका छन् । अंग्रेजी पात्रोअनुसार प्रत्येक वर्ष जुनमा मनाइने 'ग्लोबल प्राइड मन्थ' अर्थात् 'गौरवको महिना' मनाउने क्रममा यहाँ आयोजित एक कार्यक्रममा उनीहरूले लैंगिक तथा यौनिक अल्पसंख्यकको कानुनी हक अधिकार तथा सामाजिक न्यायका मुद्दामा एकजुट हुन सबैलाई आह्वानसमेत गरे ।

पिस भूमि संस्थाको आयोजना र ललितपुरस्थित अनुबुक्सको सहकार्यमा आयोजित तेस्रो वार्षिक कार्यक्रमका सहभागीले लैंगिक तथा यौनिक अल्पसंख्यकको संघर्ष, हालसम्मका प्रगति तथा कानुनीरूपमा हासिल भएका उपलब्धिबारे चर्चा गरेका थिए । सहभागीहरूले लैंगिक तथा यौनिक अल्पसंख्यकको हक अधिकार तथा सामाजिक सम्मानका विषयमा आवश्यक जनचेतना फैलाउन जरुरी भएको बताएका थिए ।

त्यसअवसरमा पाल्पाका परलैंगिक पुरुष समोनले आफ्नो अनुभव सुनाउँदै बुबा शिक्षक भएकाले आफूले छिटो कुरा बुझेकाले निकै सहज भएको बताए । अधिवक्तासमेत रहेका समोन हाल लैंगिक तथा यौनिक अल्पसंख्यकहरूको हक र अधिकार प्राप्तिका क्षेत्रमा सक्रिय छन् । 'बाल्यकालमै बुबाले मेरो भावना बुझ्नुभयो, उहाँकै साथ र सहयोगले सम्मानका साथ समाजमा स्थापित हुन सकेको छु,' उनले भने, 'परिवार र समाजका सदस्यले सम्मान गर्दा मात्रै हामीलाई ठूलो सहयोग र आत्मविश्वास मिल्छ ।' आफू बुबाकै सल्लाहमा उच्च शिक्षाका लागि काठमाडौं आएको र नयाँ पहिचानसहित 'करिअर' अघि बढाएको उनको भनाइ थियो ।

त्यसअवसरमा परलैंगिक पुरुष सन राईले सुरुआती दिनमा आफूले पहिचान नखुलाएको उल्लेख गर्दै बालबालिकालाई यौनिक पीडकहरूबाट बचाउन आवश्यक रहेकामा जोड दिए । उक्त समुदायका अधिकांश वक्ताहरूले संविधान र कानुनले दिएको अधिकार र कार्यान्वयन, राष्ट्रिय जनगणनामा तथ्यांक संकलनका क्षेत्रमा त्रुटि भएको भन्दै नीति निर्माणको तहमा पनि आफूहरूको सहभागिता हुनुपर्नेमा जोड दिएका थिए ।

कार्यक्रममा 'स्टोनवाल फेभर' शीर्षकको वृत्तचित्र प्रस्तुत गरिएको थियो । जसमा यस समुदायको विगत, वर्तमान र भविष्य देखाउने प्रयास गरिएको थियो । कफी एट अनुबुक्स प्लेटफर्ममा यस प्रकारका कार्यक्रमले सामाजिक सहयोगको महत्त्व बुझाउन, सामाजिक अपनत्व बढाउन र पैरवीका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गरेको बताएका थिए । उनीहरूले यस समुदायको विविधताको स्वीकार्यता तथा समावेशी समाज निर्माणमा यसप्रकारका कार्यक्रम आवश्यक भएको उल्लेख गरे ।

# प्रस्तावित निर्वाचन आयुक्तको संसदीय सुनुवाइ प्रक्रियामा



**काठमाडौं–** संघीय संसद्को संसदीय सुनुवाइ समितिले निर्वाचन आयोगको रिक्त आयुक्त पदमा प्रस्तावित नेपाल कानुन समाजका कार्यकारी निर्देशक कृष्णमान प्रधानको संसदीय सुनुवाइ प्रक्रिया अघि बढाउने निर्णय गरेको छ ।

समितिका ज्येष्ठ सदस्य पशुपतिशम्शेर जबराको अध्यक्षतामा शुक्रबार बसेको बैठकले अधिवक्ता प्रधानको नियुक्ति सिफारिसको प्रस्तावबारे सर्वसाधारणलाई जानकारी दिन तथा उजुरी वा सिकायत भए १० दिनभित्र समितिमा आइपुग्ने गरी पठाउन सार्वजनिक सूचना जारी गर्ने निर्णय गरेको हो । गत आइतबार संवैधानिक परिषद्ले निर्वाचन पर्यवेक्षण विज्ञ प्रधानको नाम निर्वाचन आयुक्तमा प्रस्ताव गरी संवैधानिक व्यवस्थाअनुरूप संसदीय सुनुवाइका लागि संघीय संसद् सचिवालयलाई पत्राचार गरेको थियो ।

नुवाकोटको तारकेश्वर गाउँपालिका-३ स्थायी घर भएका प्रधान आमनिर्वाचन पर्यवेक्षण समिति (जियोक)का महासचिव तथा ग्रामीण विकास प्रतिष्ठानका अध्यक्ष हुन् । उनी संलग्न संस्थाले निर्वाचन सुशासन, कानुनी शासन, मानवअधिकार तथा समावेशी लोकतन्त्रका विषयमा नेपाल सरकार, संघीय संसद्, न्यायपालिका, नागरिक समाज तथा विकास साझेदारसँग सहकार्य गर्दै आइरहेको छ ।

## पृष्ठ १ बीट क्रमश:

### २४ खर्ब...

चालु आर्थिक वर्षका लागि सरकारले कूल चार खर्ब ५२ अर्ब ७५ करोड रूपैयाँ बराबर ऋण उठाउने लक्ष्य राखेको थियो । ख जसमध्ये आन्तरिक ऋण दुई खर्ब ४० अर्ब रूपैयाँ र बाहृय ऋण दुई खर्ब १२ अर्ब ७५ करोड रूपैयाँ उठाउने लक्ष्य थियो । गत वैशाख मसान्तसम्ममा सरकारले आन्तरिकतर्फ दुई खर्ब २५ अर्ब र बाहृयतर्फ ८२ अर्ब ६७ करोड बराबर ऋण उठाइसकेको छ । वार्षिक लक्ष्यका आधारमा हालसम्मको कूल ऋण प्राप्ति ६७.९६ प्रतिशत बराबर हो । आन्तरिकतर्फ वार्षिक लक्ष्यको ९३.७५ र बाहृयतर्फ वार्षिक लक्ष्यको ३८.८६ प्रतिशत बराबर रहेको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले जनाएको छ ।

चालु आवभित्र उठाइसक्ने लक्ष्य लिइएको ऋणमध्ये वैशाख मसान्तसम्ममा आन्तरिकतर्फ १५ अर्ब र बाहृयतर्फ एक खर्ब ३० अर्ब सात करोड रूपैयाँ गरी कूल एक खर्ब ४५ अर्ब रूपैयाँ बराबर उठ्न बाँकी रहेको कार्यालयका प्रमुख दीर्घराज मैनालीले जानकारी दिए ।

चालु आवमा सरकारी ऋणको साँवा तिर्न दुई खर्ब २५ अर्ब १७ करोड रूपैयाँ र ब्याज तिर्न एक खर्ब पाँच अर्ब ३८ करोड रूपैयाँबराबर विनियोजन भएको थियो । जसमध्ये चालु आवको १० महिनामा साँवातर्फ एक खर्ब ९७ अर्ब ३२ करोड अर्थात् विनियोजित बजेटको ८७.८३ प्रतिशत र बाहृयतर्फ ३१ अर्ब ५२ करोड रूपैयाँ अर्थात् ७०.९ प्रतिशत बराबर भुक्तानी भइसकेको कार्यालयले जनाएको छ । चालु आर्थिक वर्षको गत वैशाख मसान्तसम्म तिरिएको सार्वजनिक ऋणको साँवा ब्याजमध्ये आन्तरिकतर्फको भुक्तानी दुई खर्ब २७ अर्ब २० करोड रूपैयाँ र बाहृय ऋणको साँवा ब्याजमा ४३ अर्ब ९९ करोड रूपैयाँबराबर खर्च भएको छ ।

### ११ महिनामा...

जेठ मसान्तसम्ममा नेपालले भारतसँग मात्र आठ खर्ब १३ अर्ब ७८ करोड २९ लाख रूपैयाँबराबर व्यापार घाटा व्यहोरेको छ । भारतसँग नौ खर्ब आठ अर्ब २९ करोड ९२ लाख रूपैयाँको आयात हुँदा ९४ अर्ब ५१ करोड रूपैयाँबराबरको मात्रै निर्यात भएको छ । अर्को छिमेकी मुलुक चीनसँग ११ महिना अवधिमा दुई खर्ब ७० अर्ब ४० करोड रूपैयाँ व्यापार घाटा देखिएको छ । चीनबाट दुई खर्ब ७२ अर्ब ८१ करोड रूपैयाँको आयात हुँदा दुई अर्ब ४० करोड ९८ लाख रूपैयाँबराबर निर्यात देखिएको हो । बढी व्यापार घाटा देखिएका मुलुकको सूचीमा युनाइटेड अरब इमिरेट्स तेस्रो नम्बरमा छ । युएईसँग २८ अर्ब ४८ करोड २५ लाख रूपैयाँको आयात र दुई अर्ब ४२ करोड ८३ लाख रूपैयाँको निर्यात हुँदा कूल २६ अर्ब पाँच करोड ४२ लाख रूपैयाँबराबरको व्यापार घाटा देखिएको हो ।

नेपालको वैदेशिक व्यापारमा सबैभन्दा नाफा अफगानिस्तानसँग देखिएको छ । चालु आर्थिक वर्षको जेठ मसान्तसम्ममा अफगानिस्तानबाट एक करोड १६ लाख ९० हजार रूपैयाँबराबरको आयात हुँदा ४० करोड ३४ लाख ९७ हजार रूपैयाँ बराबरको निर्यात भएको छ। अर्थात् नेपालले अफगानिस्तानसँगको व्यापारमा ३९ करोड १८ लाख सात हजार रूपैयाँबराबर फाइदा गरेको छ। त्यस्तै, नर्वे, सुडान, आइसल्यान्ड, मौरिससलगायतका मुलुकसँगको व्यापारमा पनि नाफा देखिएको छ ।

### आठ देशका...

बैठकले अस्ट्रेलियाको न्यु साउथ वेल्स राज्यको कार्यक्षेत्र रहनेगरी सञ्जीवकुमार शर्मा र अस्ट्रेलियाको भिक्टोरिया राज्य कार्यक्षेत्र रहनेगरी निराजन गौलीलाई अवैतनिक वाणिज्यदूत पदमा नियुक्त गर्ने निर्णय गरेको छ । बैठकले विश्व बैंकबाट उपलब्ध हुने ८० मिलियन डलरबराबरको सहुलियत ऋण सहायता स्वीकार गर्ने निर्णय गरेको कानुनमन्त्री गिरीले बताए । स्थानीय पूर्वाधार सहयोग कार्यक्रमअन्तर्गत कर्णाली प्रदेशमा गएको पछिल्लो भूकम्पका कारण क्षति भएका पूर्वाधार पुनर्निर्माण र पुनःस्थापनाका लागि बेलायत सरकारबाट प्राप्त हुने थप ८.१ मिलियन पाउण्डस्टर्लिङबराबरको अनुदान सहायता स्वीकार गर्ने पनि बैठकले निर्णय गरेको छ ।

त्यसैगरी, राष्ट्रिय दुग्ध विकास बोर्डको कार्यकारी निर्देशक पदमा डा. राजेन्द्रप्रसाद यादवलाई नियुक्त गरिएको छ । प्रतिलिपि अधिकारसम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने निर्णयसमेत बैठकले गरेको छ । त्यसैगरी मन्त्रिपरिषद् बैठकले विद्युत् नियमन आयोगको अध्यक्षमा डा. रामप्रसाद धिताल र सदस्यहरूमा मधुसूदन अधिकारी र झमकप्रसाद शर्मालाई नियुक्त गर्ने निर्णय गरेको छ ।

### भैरहवा र पोखरा...

उनले विमानस्थल पूर्ण क्षमतामा सञ्चालनका लागि हवाइ टिकट, ग्राउन्ड हयान्डलिङ, हवाई इन्धनमा सहुलियत दिन सकिने धारणा राखेका छन् । निजी क्षेत्रसँग समन्वय गरेर होटललगायतमा सहुलियत प्याकेजका निम्तिसमेत अनुरोध गरेका छन् ।

छलफलमा पर्यटनमन्त्री तामाङले आफूहरूले आवश्यक गृहकार्य गरेर विमानस्थल पूर्ण क्षमतामा सञ्चालन गर्नेसम्बन्धी ठोस प्रस्ताव प्रस्तुत गर्ने बताए । पर्यटन मन्त्रालयका सचिव डा. गणेशप्रसाद पाण्डेले सहुलियतपूर्ण प्याकेजसहितका विकल्पमा छलफल गरेर ठोस प्रस्ताव प्रस्तुत गरिने बताउँदै दुवै विमानस्थल पूर्ण क्षमतामा सञ्चालनका निम्ति मन्त्रालयका तर्फबाट विदेशी विमान कम्पनीहरूसँग छलफल भइरहेको जानकारी दिए ।

### खनिजजन्य पदार्थ ...

नियमावली संशोधन गर्ने र ऐनको मस्यौदा तयारको काम भइरहेको छ । उहाँहरूले उठाउनुभएका माग सम्बोधन हुने छन् ।' नेपाल सिमेन्ट उत्पादक संघका उपाध्यक्ष ई. ताराप्रसाद पोखरेलले खानी क्षेत्रमा विद्युत्को उचित प्रबन्ध नहुने, खनिजपदार्थ उत्खनन गर्ने स्थान दुर्गम र पहाडमा हुनाले पूर्वाधार निर्माणमा कठिनाइ भएकाले उद्योगस्थलमा रहेको तौलपुल नै प्रयोग गरी उत्खनित खनिजको परिमाण मापन गर्न पाउने व्यवस्था गर्न आग्रह गरे ।

उनले भने, 'यससम्बन्धी स्पष्ट निर्णय नहुँदा खनिज पदार्थ उत्खनन कार्य रोकिएकाले उद्योग नै बन्द गर्नुपरेको छ । त्यसमाथि माग र आपूर्तिबीच अन्तर हुँदा ऋण तिर्न सकेका छैनौं । लागत मूल्यभन्दा पनि कममा बेच्नुपरेको छ ।'


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CITIZEN CONTRACTING CLEANING AND SERVICES

पूर्व स्वीकृति मिति २०८०/१०/०८ पुन विज्ञापन स्वीकृति मिति २०८१/03/07 LT. No. 298630 चलानी नं. ६०२१३६००

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 0 | 21 | 1000 | ३६,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार १५ गते (29th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२२४/०७४/०७५

JALAJALA RECRUITMENT PVT.LTD

Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257

E-mail: jalajalarecru2017@gmail.com

## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : THE ARCH HOTEL W L L

पुर्व स्वीकृति मिति २०८०/१०/२३ पुन विज्ञापन स्वीकृति मिति २०८१/03/07 LT. No. 299525 चलानी नं ६०२१४४५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BHD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barman | 2 | 1 | 160 | ५६,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 5 | 5 | 100 | ३५,१६० | | | | | | | |
| 3 | Kitchen Staff/stewarding | 8 | 5 | 150 | ५२,७४० | | | | | | | |
| 4 | Receptionist | 1 | 2 | 150 | ५२,७४० | | | | | | | |
| 5 | Room Attendant | 7 | 7 | 140 | ४९,२२५ | | | | | | | |
| 6 | Waiter & Waitress | 8 | 7 | 150 | ५२,७४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार १५ गते (29th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Janashakti International Services Pvt. Ltd.

श्रम ईजाजत नं. ९९९/०६८/०६९

Basundhara-3, Kathmandu, Nepal. Tel: +977-1-4964020 Cell No: +977-9851093031, 9762902411 9844661381, 9815039898, 9813413654, Email : info@jisnepal.com, Web: www.janashaktiintl.com


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

असार ०८ गते २०८१, शनिबार

| | |
|---|---|
| मेष | सहज ढंगले काम सक्ने प्रयास हुनेछ । |
| वृष | इच्छाएबमोजिम आफूलाई प्रस्तुत गरिनेछ । |
| मिथुन | शंकालु मनले आफैंलाई दु:ख दिनेछ । |
| कर्कट | मिहीनेतले काम, दाम र इमान हात पर्नसक्ला । |
| सिंह | समयअनुसार काममा ध्यान दिइनेछ । |
| कन्या | कुनै आर्थिक काममा संलग्न हुनुपर्ला । |
| तुला | साताामा संघर्ष गरेपनि सफलता पाइएला । |
| वृश्चिक | कुनै कुराले मनलाई प्रसन्नता दिलाउनेछ । |
| धनु | विभिन्न कुनै कुराले व्यस्त भइनेछ । |
| मकर | महिनेतले प्रतिक्षा गरिएको उपलब्धि हासिल हुनेछ । |
| कुम्भ | शरीरमा थकानको मात्रा बढ्न सक्छ । |
| मीन | कुनै कुरामा पनि नहतारिनु उपयुक्त रहनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्स/ शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

असार ०८ गते, २०८१, २२ जुन, २०२४

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.४० | १३४.०० |
| युरो | १ को | १४२.९५ | १४३.५९ |
| पाउन्ड स्टिर्लङ | १ को | १६९.०३ | १६९.७९ |
| स्विस फ्रैन्क | १ को | १४९.५२ | १५०.१९ |
| अस्ट्रेलियन डलर | १ को | ८८.०८ | ८८.४७ |
| क्यानाडियन डलर | १ को | ९७.०८ | ९७.५२ |
| सिंगापुर डलर | १ को | ९८.६१ | ९९.०६ |
| जापानी येन | १० को | ८.४६ | ८.५० |
| चिनियाँ युआन | १ को | १८.३८ | १८.४७ |
| साउदी अरब रियाल | १ को | ३५.५५ | ३५.७१ |
| कतारी रियाल | १ को | ३६.५९ | ३६.७५ |
| थाई भाट | १ को | ३.६३ | ३.६४ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.३२ | ३६.४८ |
| मलेसियन रिङेट | १ को | २८.२७ | २८.३९ |
| दक्षिण कोरियन वन | १०० को | ९.६६ | ९.७० |
| स्विडिस क्रोनर | १ को | १२.६६ | १२.७२ |
| डेनिस क्रोनर | १ को | १९.१६ | १९.२५ |
| हङकङ डलर | १ को | १७.०८ | १७.१६ |
| कुवेती दिनार | १ को | ४३४.८३ | ४३६.७८ |
| बहराइन दिनार | १ को | ३५३.९३ | ३५५.५२ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध।लचदा।यचन।लउ मा उपलब्ध हुनेछ ।



**टुकुचा सफाइ** | काठमाडौं महानगरपालिकाको वातावरण विभागका कर्मचारी शुक्रबार बिहान इक्षुमती (टुकुचा) खोला सफा गर्दै । *तस्बिरः शरच्चन्द्र भण्डारी/रासस*

# मेलम्चीको पानी तत्काल बन्द नहुने

**काठमाडौं (प्रस)–** मेलम्ची खानेपानी आयोजनाको पानी तत्काल बन्द नगरिने भएको छ । सिन्धुपाल्चोकको अम्बाथानस्थित आयोजनाको सुरुङको मूलद्वार शुक्रबारदेखि बन्द गर्ने भनिएको थियो । मेलम्ची खानेपानी विकास समितिले मेलम्ची नदीको पानी नधमिलिएकाले सावधानी अपनाएर उपत्यकामा पानी पठाइने जानकारी दिएको हो ।

बागमती प्रदेशमा मनसुन सक्रिय भएसँगै मनसुनजन्य विपद्बाट आयोजना जोगाउन सरकारले आयोजना बन्द गर्ने तयारी गरेको थियो । गत जेठ ३१ गते आयोजना बन्द गर्ने भनिएकामा ठूलो वर्षा नहुँदासम्म पानी बन्द नगर्ने निर्णय भएपछि निरन्तर सञ्चालन गरिएको मेलम्ची खानेपानी विकास समितिका कार्यकारी निर्देशक रत्न लामिछाने बताए ।

'बागमती प्रदेशमा मनसुन सक्रिय हुन थालेकोले ठूलो पानी आएर मेलम्ची नदीको पानीको बहाव बढ्नसक्ने र आयोजनामा क्षति हुनसक्ने जोखिम कम गर्न आजदेखि सुरुङको मूलद्वार बन्द गर्ने तयारी गरेका थियौं,' उनले शुक्रबार भने, 'आजको अवस्था हेर्दा नदीमा पानीको बहाव बढेको छैन, नदी पनि सफा छ । तत्काल आयोजना बन्द गरिहाल्नुपर्ने अवस्था नदेखिएकाले सावधानी अपनाएर उपत्यकामा पानी पठाउने छौं ।'

लामिछानेका अनुसार परामर्शदाता तथा एसियाली विकास बैंक (एडिबी) ले मनसुनी जोखिमबाट आयोजनालाई जोगाउन मेलम्ची बन्द गर्न सुझाव दिइरहेका छन् । 'हामीले पटक-पटक मेलम्ची बन्द गर्ने तयारी गरेका पनि हालसम्म सञ्चालन गरिरहेका छौं,' उनले भने, 'उपत्यकामा मेलम्चीको पानी पठाउन कहिलेदेखि आयोजना बन्द गर्ने भनेर यकीन दिन तोक्दैनौं, जहिलो ठूलो वर्षा भएर जोखिमको खतरा बढ्छ, तत्काल बन्द गर्नेछौं ।'

समितिले मनसुन अवधिमा विपत्तिको जोखिम कम भएपछि मात्रै मेलम्चीको पानी पठाउन सुरु गर्ने तयारी गरेको छ । मनसुनी जोखिम बढ्ने देखिएमा मनसुन सकिएपछि मात्रै उपत्यकावासीले फेरि मेलम्चीको पानी पाउने लामिछानेको भनाइ छ । मनसुनजन्य विपत्तिबाट आयोजनाको हेर्डवक्समा हुनसक्ने सम्भावित क्षति न्यूनीकरण गर्न सरकारले वर्षा सुरु भएसँगै खानेपानी बन्द गर्ने र वर्षा सकिएपछि खोल्ने गर्दै आइरहेको छ ।

जल तथा मौसम विज्ञान विभागका अनुसार नेपालमा सरदर मनसुन जुन १३ मा भित्रिनेमा यस वर्ष तीन दिन चाँडो भित्रिएको थियो । मनसुन सरदररूपमा अक्टोबर २ मा बाहिरने गर्दछ । हाल कर्णाली र सुदूरपश्चिम प्रदेशबाहेक देशभर मनसुन फैलिएको विभागले जनाएको छ ।

## त्रिविको जग्गा खोजबिन समितिले थाल्यो काम

**काठमाडौं (प्रस)–** त्रिभुवन विश्वविद्यालय (त्रिवि) को जग्गा तथा सम्पत्ति खोजबिन समितिले काम सुरु गरेको छ । समितिले सिंहदरबारस्थित शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा सचिवालय सञ्चालनमा ल्याई कार्यारम्भ गरेको समितिकी सदस्य जानकीबल्लभ अधिकारीले जानकारी दिइन् ।

समितिले त्रिविका जग्गा, भवन, चलअचल सम्पत्तिको हिनामिना र अतिक्रमण भएको कुनै विषयमा जानकारी भएमा समितिलाई विभिन्न माध्यमबाट सूचित गर्न सार्वजनिक आग्रह गरेको छ । समितिले पहिलो चरणमा काठमाडौं उपत्यकाका त्रिविका जग्गा र सम्पत्तिको खोजबिन गर्ने छ ।

मन्त्रिपरिषद्को गत जेठ १७ गतेको बैठकले पूर्वसचिव शारदाप्रसाद त्रितालका संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरेको थियो । समितिका सदस्यमा अधिकारीका साथै महेन्द्रकुमार थापा, प्रा.डा. प्रेमसागर चापागाईं तथा सदस्यसचिवमा सुशीला अधिकारी रहेका छन् । समितिलाई तीन महिनाको अवधि दिइएको छ ।

# वातावरण व्यवस्थापनमा तीन प्रतिशत बजेट विनियोजन गर्दै चन्द्रागिरि नगरपालिका

**काठमाडौं–** चन्द्रागिरि नगरपालिकाले वातावरण व्यवस्थापनका लागि आफ्नो कूल बजेटको तीन प्रतिशत विनियोजन गर्ने भएको छ । सो क्षेत्रमा बजेट विनियोजन गर्ने चन्द्रागिरि सम्भवतः पहिलो नगरपालिका भएको बताइएको छ ।

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी)को आर्थिक एवं प्राविधिक सहयोगमा फेम्ली हेल्थ इन्टरनेसनल ३६० (एफएचआई) का साझेदारीमा चन्द्रागिरि नगरपालिकाले स्वच्छ हावा परियोजना कार्यान्वन गरिराखेको छ । चन्द्रागिरिका प्रमुख घनश्याम गिरीले नेपाल भ्रमणमा रहेका 'एफएचआई ३६०' का प्रमुख वित्त अधिकृत रसिका पद्मापेरुमासँग शुक्रबार नगरपालिकामा भएको द्विपक्षी भेटवार्तामा नगरपालिकाले वातावरण व्यवस्थापनका लागि आफ्नो कूल बजेटको तीन प्रतिशत विनियोजन गर्ने नीति लिएको जानकारी दिए ।

उनले स्वच्छ हावा प्रवर्द्धन, वातावरण व्यवस्थापन तथा वायु प्रदूषण न्यूनीकरण नगरपालिकाले लिएको नीति तथा कार्यक्रम एवं गतिविधिका बारेमा जानकारी दिँदै जलवायु अनुकूलन नीतिलाई प्राथमिकता दिएको बताए । प्रमुख प्रशासकीय अधिकृत हेमराज अर्यालले स्वच्छ हावामार्फत नगरवासीको जीवन सुधारका लागि शिक्षा, स्वास्थ्य तथा वातावरण व्यवस्थापन नगरपालिकाबाट भइराखेका प्रयासका बारेमा जानकारी दिए ।

उनले भने, 'वायु प्रदूषण रोकथाम र न्यूनीकरण लागि प्रमाणका आधारित नीति तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन भइरहेको छ । वायु प्रदूषणको समस्या समाधान तथा स्वच्छ हावा प्रवर्द्धनमा नगरवासी चेतना विस्तारै वृद्धि हुँदै गएको छ । जलवायु परिवर्तनका असरबाट आर्थिक एवं सामाजिक जीवनमा पार्ने असर कम गर्न हाम्रा नीति तथा कार्यक्रम केन्द्रित छन् ।'

सो अवसरमा 'एफएचआई ३६०' प्रमुख वित्त अधिकृत पद्मापेरुमाले चन्द्रागिरि नगरपालिकाले वातावरण व्यवस्थापनका लागि आफ्नो कूल बजेटको तीन प्रतिशत विनियोजन गर्ने नीति लिएकामा बधाई दिँदै यसले जलवायु परिवर्तनले आर्थिक एवं सामाजिक क्षेत्रमा पार्ने असरलाई घटाउन सहयोग पुग्ने विश्वास व्यक्त गरे । उनले भने, 'जलवायु परिवर्तनका असरलाई न्यूनीकरण गर्न स्वच्छ हावा परियोजनाले सहयोग पुगेको मैले विश्वास लिएको छु । जलवायु परिवर्तनले विशेषगरी आर्थिक एवं सामाजिक जीवनमा पर्ने असर र क्षतिलाई घटाउँदै जानुपर्छ ।' वित्त अधिकृत पद्मापेरुमाले वायु प्रदूषण घटाइ स्वच्छ हावा प्रवर्द्धन गर्न चन्द्रागिरि पालिकाले गरेका काम अन्य देशका लागि सिकाइ हुनसक्छ भने ।

सो अवसरमा उनले चन्द्रागिरि नगरपालिकाद्वारा थानकोटमा सञ्चालित निःशुल्क सवारी प्रदूषण जाँचको अवलोकनसमेत गर्नुभएको थियो । युएसआइडीका स्वच्छ हावा परियोजनाका प्रमुख भूषण तुलाधरले काठमाडौं उपत्यकाको वायुको गुणस्तर सुधारका लागि चन्द्रागिरि नगरपालिकाले निर्वाह गर्दै आएको विभिन्न कामको उच्च प्रशंसा गरे । बैठकमा नगरप्रवक्ता एवं चन्द्रागिरि-४ का वडाध्यक्ष कृष्णप्रसाद खड्गी, चन्द्रागिरि-६ का वडाध्यक्ष एवं वातावरण तथा विपद् समितिका संयोजक सञ्जय सिग्देल, 'एफएचआई ३६०' नेपाल प्रमुख भगवान् श्रेष्ठलगायत सहभागी थिए ।

### सवारी प्रदूषण नियन्त्रण गर्न कडाइ

नगरपालिकाले सवारी प्रदूषण नियन्त्रण गर्न कडाइ गर्ने नीति लिएको छ । यसका लागि नगरपालिकाले यातायात व्यवस्था विभाग, सवारी परीक्षण कार्यालय टेकुसँग सहकार्य गरी घुम्ती सवारी प्रदूषण परीक्षणलाई उच्च प्राथमिता दिँदै आएको छ । वायु प्रदूषणको प्रमुख कारक तत्वमा सवारीसाधनबाट निस्कने धुवाँलाई लिइन्छ ।

यस्ता परीक्षणमा 'फेल' भएका सवारीसाधनलाई नगरक्षेत्रमा प्रयोग गर्न नदिनेसम्मको सोच नगरपालिकाले बनाएको छ । युएसआइडीका स्वच्छ हावा परियोजनाका प्रमुख भूषण तुलाधरले भने, 'नगरपालिकाको यस्तो नीतिले काठमाडौ उपत्यकाको वायुको गुणस्तर व्यवस्थापनमा कोशेढुंगाको काम गर्छ ।' साथै सवारी परीक्षण कार्यालय, ट्राफिक प्रहरी कार्यालयसँगको सहकार्यमा नगरपालिकाले पेट्रोल, ग्यास र डिजेलबाट चल्ने सवारीसाधनमा 'हरियो स्टिकर' अनुगमनलाई तीव्रता दिने नीतिसमेत लिएको छ ।

विश्व स्वास्थ्य संगठनले वायु प्रदूषणलाई विश्वकै प्रमुख वातावरणीय जोखिमका रूपमा लिएको छ । स्टेट अफ ग्लोबल एयर, २०२० ले सन् २०१९ मा नेपालमा वायु प्रदूषणका कारण ४२ हजार १०० जनाको अकालमा मृत्यु भएको जनाएको थियो । तीमध्ये काठमाडौंमा मात्र पाँच हजार ८० जना रहेका थिए । कचौरा आकारको काठमाडौं उपत्यकाको द्रुत सहरीकरणले गर्दा वायु प्रदूषणको उच्च जोखिममा रहेको जनाइएको छ । *रासस*


## चौरजहारी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

## ठेक्का स्वीकृतीको आशयको सूचना

प्रकाशित मितिः २०८१।०३।०७

प्रस्तुत बिषयमा मिति २०८१।०२।११ गते यस कार्यालयवाट प्रकाशित बोलपत्र आह्वानको सूचना बमोजिम रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको बोलपत्र मुल्याङ्कन समितिबाट तपशिल बमोजिम बोलपत्र न्यूनतम मूल्याङ्कनको आधारमा सारभुत रुपमा प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम ७ (सात) दिने आशयको सूचना सम्वन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

| क्र.सं | ठेक्का नं. | आयोजनाको नाम र स्थल | सारभुत रुपमा प्रभावग्राही बोलपत्रदाता वा फमको नाम र ठेगाना | कबोल अंक (मु.अ.क. सहित) |
|---|---|---|---|---|
| 1 | CJM/GOODS/ SBQ/14/080/081 | Procurement of supply & delivery Sanitary Pad for Chaurjahari Municipality Rukum (West) | Angel touch Hygiene Manufacturing Pvt. Ltd Lalitpur-18, Lalitpur | 11,08,179.70 NPR |

नि. प्रमुख प्रशासकीय अधिकृत
चौरजहारी नगरपालिका



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL MAERAJ GENERAL TRADING CO.LLC

पूर्व स्वीकृति मिति : २०८०/०८/१९ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/03/0७ | LT. No. 295971 | चलानी नं. ६०२११०४२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Archieve Clerk. | 1 | 1 | 2100 | ७६,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Bricklayer Assistant | 4 | 0 | 1200 | ४३,६६५ | | | | | | | |
| 3 | Carpenter Assistant | 1 | 0 | 1200 | ४३,६६५ | | | | | | | |
| 4 | Construction Carpenter | 5 | 0 | 1200 | ४३,६६५ | | | | | | | |
| 5 | Electrician | 1 | 0 | 1200 | ४३,६६५ | | | | | | | |
| 6 | Molding Maker/stone Mason/concrete Mason | 4 | 0 | 1200 | ४३,६६५ | | | | | | | |
| 7 | Plumber Assistant | 4 | 0 | 1200 | ४३,६६५ | | | | | | | |
| 8 | Wiring/domestic Electrician Assistant | 7 | 0 | 1200 | ४३,६६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार १५ गते (29th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET | श्रम ईजाजत नं.८३३/०६६/०६७
**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HOLIDAY INN KUWAIT ALTHURAYA CITY

पूर्व स्वीकृति मिति २०८०/१२/२७ | पुन विज्ञापन स्वीकृति मिति २०८१/03/0७ | LT. No. 303305 | चलानी नं. ६०२१८०८७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 5 | 2 | 140 | ६०,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Bellman | 5 | 1 | 120 | ५१,८९५ | | | | | | | |
| 3 | Cleaner/hotels | 20 | 10 | 100 | ४३,२४५ | | | | | | | |
| 4 | Commi I /Chef/Cook | 10 | 5 | 140 | ६०,५५५ | | | | | | | |
| 5 | Commi II /Chef/Cook | 10 | 5 | 125 | ५४,०५५ | | | | | | | |
| 6 | Commi III/Kitchen Helper | 15 | 0 | 100 | ४३,२४५ | | | | | | | |
| 7 | Demi Chef De Partie | 5 | 0 | 175 | ७५,६८० | | | | | | | |
| 8 | Driver | 5 | 0 | 170 | ७३,५२० | | | | | | | |
| 9 | HK Attendant/Cleaner | 10 | 10 | 110 | ४७,५७० | | | | | | | |
| 10 | Housekeeping Supervisor | 1 | 1 | 150 | ६५,१७५ | | | | | | | |
| 11 | Laundry Attendant | 10 | 5 | 120 | ५१,८९५ | | | | | | | |
| 12 | Life Guard | 2 | 2 | 140 | ६०,५५५ | | | | | | | |
| 13 | Pastry/baker | 5 | 0 | 160 | ६९,१९५ | | | | | | | |
| 14 | Receptionist/gsa | 3 | 5 | 135 | ५८,३८० | | | | | | | |
| 15 | Security Guard | 5 | 0 | 125 | ५४,०५५ | | | | | | | |
| 16 | Sous Chef | 2 | 0 | 500 | २१६,२३० | | | | | | | |
| 17 | Steward/dishwasher | 15 | 0 | 100 | ४३,२४५ | | | | | | | |
| 18 | Tailor | 2 | 0 | 140 | ६०,५५५ | | | | | | | |
| 19 | Technician | 4 | 0 | 160 | ६९,१९५ | | | | | | | |
| 20 | Waiter/waitress | 20 | 10 | 120 | ५१,८९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार १५ गते (29th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३०१/०५९/०६०
**Supreme Overseas Pvt. Ltd.**
Koteshwor-32, Kathmandu, Nepal.
Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np

# सामाजिक जागरणको दियो बन्दै मोती पुस्तकालय

पुस्तकालय कक्षमा १२ वर्षदेखि माथिका विभिन्न उमेर समूहका नागरिकले भरपुर उपयोग गर्दै आएका छन् । यहाँको विद्युतीय पुस्तकालयमा एक सफ्टवयरमा सात हजार पुस्तक राखिएको छ भने कम्प्युटरहरु नेटवर्किङ गरी राखिएको छ । पुस्तकालयको बाल कक्षमा १२ वर्षसम्मका बालबालिकाका लागि खेल्ने सामग्रीसँगै बाल सहित्यका विभिन्न सामग्री राखिएको छ । महिला कक्ष राखिएको पुस्तकालयमा समुदायका महिलालाई कसरी पुस्तकालयमा ल्याउने भन्ने उद्देश्यका साथ विभिन्न तालिममा सहभागी गराउने गरिएको छ ।



■ वासुदेव पौडेल/गण्डकी

झन्डै ६५ वर्षअघि स्थापना भएको मोती पुस्तकालय पर्वत जिल्लाको मात्र नभएर देशकै सामाजिक जागरणको दियो बन्दै आएको छ । जिल्लाको फलेवास नगरपालिका-५, खानीगाउँमा २०१६ सालमा स्थापित यस पुस्तकालय स्थापनापश्चात् सामाजिक जागरण र सचेतनाको महत्त्वपूर्ण केन्द्रका रूपमा पहिचान मात्र बनाएको छैन, देशका अन्य पुस्तकालयका लागि पनि अनुकरणीय बनेको छ ।

स्व. मोतीप्रसाद लम्सालको स्मृतिमा सुरुमा घरको पिढीमा काठको फल्याकले बारेर एउटा कोठाबाट सुरु गरिएको यो पुस्तकालय अहिले सुविधा सम्पन्न भवनमा व्यवस्थितरूपमा सञ्चालन भएको छ । २०६३ सालमा समसामयिक विषयका लेखनहरूको संकलन 'मोती' प्रकाशन गरी सोही पुस्तक बिक्री र विज्ञापनवाट संकलित नौ लाख रूपैयाँ रकमसमेत गरी पुस्तकालयका लागि एक रोपनी जग्गा खरिद गरिएको थियो ।

सुरुमा रिड नेपालले भवन निर्माणका लागि १३ लाख रूपैयाँ र फर्निचर तथा किताबका लागि पाँच लाख रूपैयाँ सहयोग गरेको पुस्तकालयका संस्थापक अध्यक्ष भोलानाथ शर्माले जानकारी दिए । उनका अनुसार २०६४/६५ सालमा भवन निर्माण सुरु गरी २०६९ सालमा १९ कोठे पक्की भवन निर्माण सम्पन्न भएको थियो । भवन निर्माणका लागि शिक्षा मन्त्रालयले ४५ लाख रूपैयाँ उपलब्ध गराएको लम्सालले जानकारी दिए । पुस्तकालयमा हाल २५ हजार पुस्तकहरू रहेका छन् । पुस्तकालयका लागि पछि एक रोपनी जग्गासमेत थपिएकामा त्यहाँ सहरी विकास मन्त्रालयको ३० लाख रूपैयाँ सहयोगमा अर्को १५० जना क्षमताको सभा कक्ष निर्माण भइरहेको उनले जानकारी दिए ।

पुस्तकालय स्थापनासँगै यसले यस क्षेत्रमा शैक्षिक जागरणका साथै सामाजिक सचेतना अभिवृद्धिमा पनि विशिष्ट योगदान पुगेको उनको भनाइ छ । हरेक दिन बिहान १० बजेदेखि अपराह्न ५ बजेसम्म सञ्चालन हुने यस पुस्तकालयमा दैनिक विभिन्न उमेर समूहका पाठकहरू आउने गरेका छन् । समाजमा पठन संस्कृति हराउँदै गएको बेला यस पुस्तकालयमा भने दैनिक ६०/६५ जनासम्म पाठक आउने गरेको पुस्तकालय व्यवस्थापन समितिका सचिव एवं लाइब्रेरियन इन्द्रप्रसाद सापकोटाले जानकारी दिए । उनका अनुसार पुस्तकालयमार्फत नै पर्वत जिल्लाका १७० विद्यालयमा 'सामुदायिक विद्यालयमा 'विद्यालय पुस्तकालय कार्यक्रम' सञ्चालन गरिएको छ । ती विद्यालयमा पुस्तकालयका तर्फबाट आवश्यक साथ सहयोगसँगै समय-समयमा अनुगमन तथा कार्यक्रमहरू सञ्चालन गरिएको छ ।

पर्वत जिल्लामा रहेका सामुदायिक तथा सरकारी विद्यालयमा पठन संस्कृतिको विकास गर्न यो कार्यक्रम सञ्चालन गरिएको सापकोटाले जानकारी दिए । पुस्तकालयले समय-समयमा सञ्चालन गर्दै आएको घुम्ती पुस्तकालय सेवा पनि समाजका लागि बहुउपयोगी बनेको छ । समाजमा पठन संस्कृतिको विकास गर्न पाठ्यसामग्री झोलाझोलामा राखेर पुस्तकालयमा आउन नसक्ने अशक्त व्यक्तिको घर र टोलमा जाने अभियानले सामाजिक जागरणमा विशेष टेवा पुगेको छ । पुस्तकालयमार्फत मोती सामुदायिक सिकाइ केन्द्र, प्राविधिक ज्ञान सेवा कार्यक्रम, मोती सामुदायिक पुस्तकालय महिला बचत तथा ऋण सहकारी सञ्चालन भएको छ । त्यस्तै सुरक्षित आप्रवासन कार्यक्रम, मोती महिला सिलाइकटाइ उद्योगजस्ता विभिन्न कार्यक्रम सञ्चालन गर्दै सामाजिक सचेतना अभिवृद्धिमा पनि महत्त्वपूर्ण योगदान पुर्‍याएको छ ।

व्यवस्थित भवनसँगै पुस्तकालयमा विभिन्न कक्षहरू सञ्चालनमा रहेको पुस्तकालयका अध्यक्ष कृष्णराज पौडेलले जानकारी दिए । उनका अनुसार पुस्तकालय कक्षमा १२ वर्षदेखि माथिका विभिन्न उमेर समूहका नागरिकले भरपुर उपयोग गर्दै आएका छन् । यहाँको विद्युतीय पुस्तकालयमा एक सफ्टवयरमा सात हजार पुस्तक राखिएको छ भने कम्प्युटरहरू नेटवर्किङ गरी राखिएको छ । पुस्तकालयको बाल कक्षमा १२ वर्षसम्मका बालबालिकाका लागि खेल्ने सामग्रीसँगै बाल सहित्यका विभिन्न सामग्री राखिएको छ ।

महिला कक्ष राखिएको पुस्तकालयमा समुदायका महिलालाई कसरी पुस्तकालयमा ल्याउने भन्ने उद्देश्यका साथ विभिन्न तालिममा सहभागी गराउने गरिएको छ । यसैका माध्यमबाट महिलालाई आयआर्जनमा जोड्ने उद्देश्यका साथ २०७० सालमा २० रूपैयाँ र २० जनाबाट सुरुआत गरिएको मोती पुस्तकालय महिला बचत तथा ऋण सहकारी २०७० सालबाट सञ्चालनमा आइसकेको छ । पुस्तकालयमा समुदायका महिलालाई ल्याएर उनीहरूलाई विभिन्न तालिममा सहभागी गराउने, दैनिकरूपमा पुस्तकालयमा आउने बानी बसाल्ने, आयआर्जनमा जोड दिने उद्देश्यका साथ सञ्चालित सहकारीमा हाल ४०० जना महिला आबद्ध छन् । यस संस्थाले डेढ करोड रूपैयाँ बराबरको कारोबारसमेत गर्नुका साथै २२ लाख रूपैयाँ संस्थाको सेयर पुँजी रहेको छ ।

पुस्तकालयमा रहेको तालिम कक्ष यस क्षेत्रकै लागि बहुउपयोगी बनेको छ । यसले पुस्तकालयका कार्यक्रमसँगै फलेवास नगरपालिकाका विभिन्न कार्यक्रम सञ्चालन गर्दा आयआर्जनमासमेत सहयोग पुगेको अध्यक्ष पौडेलले जानकारी दिए । उनका अनुसार पुस्तकालयमा अनौपचारिक शिक्षाअन्तर्गत मोती सामुदायिक पुस्तकालय सिकाइ केन्द्र सञ्चालन गरिएको छ । केन्द्रमा नगरपालिकाको शिक्षा शाखाका कर्मचारीसमेत रहेका छन् । सिकाइ केन्द्रको कर्मचारीसहित पुस्तकालयमा चारजना कर्मचारी कार्यरत रहेका उनले जानकारी दिए ।

रिड नेपाल र प्राक्टिकल एक्सनको सहयोग तथा मोती सामुदायिक पुस्तकालयको व्यवस्थापनमा सञ्चालित प्राविधिक ज्ञान सेवा कार्यक्रमले समुदायका किसानका समस्या पहिचान गरी विज्ञसहितको टोलीले समस्या समाधान गर्ने भएकाले यसले समुदायमा राम्रो प्रभाव पारेको लाइब्रेरियन सापकोटाले जानकारी दिए ।

पुस्तकालयकै प्रयासमा सुरु भएको मोती महिला सिलाइकटाइ उद्योग दलित, जनजाति, गरिब तथा सीमान्तकृत गृहिणी महिलालाई उद्यमशील बनाउने उद्देश्य राखिएको छ । सुरुमा १५ जना महिलालाई एड्भान्स सिलाइकटाइ तालिम प्रदान गरी त्यसपछि मोती महिला सिलाइकटाइ उद्योगको रूपमा सञ्चालन गरिएको थियो । उद्योगमार्फत स्यानिटरी प्याड तथा अन्य फेसनेवल सामग्री उत्पादन गर्न सुरु गरिएको छ । यसै कार्यक्रमअन्तर्गत एक हजार ३०० जना छात्रा तथा महिला शिक्षिकालाई निःशुल्क स्यानिटरी प्याड, रुमाल, साबुन, पेन्टीजस्ता सामग्रीका साथै सरसफाइसम्बन्धी जानकारी पुस्तिकासमेत वितरण गरिसकिएको उनले जानकारी दिए । समुदायमा आयआर्जन गराउने उद्देश्य राख्दै पुस्तकालयले अगरबत्ती बनाउने, ज्याति कात्नेजस्ता तालिम प्रदान गर्दै आएको छ । समुदायमा आयआर्जनका लागि मुढा, कुसनहरू बनाउने तालिमसँगै टिसर्ट बनाउनेजस्ता विभिन्न खालका प्रतियोगिता सञ्चालन गर्ने गरिएको छ ।

पुस्तकालयमा मोती सामुदायिक पुस्तकालय सदस्यता विस्तार, आर्थिक संकलन तथा अक्षयकोष अभियान सञ्चालन गरिएको छ । मोती स्मृतिकोष अभियानअन्तर्गत स्व.भाग्यकुमारी खनाल स्मृतिकोष जस्ता कोष स्थापना गरिएको छ । पुस्तकालयमार्फत मोती सामुदायिक पुस्तकालय पर्यावरण संरक्षण तथा सरसफाइ अभियान सञ्चालन गरिँदै आइएको छ । त्यस्तै टचागगल्स कार्यक्रम सञ्चालन अभियानअन्तर्गत १२ वर्षदेखि १५ वर्षका किशोरीहरूलाई प्रविधिमार्फत सशक्तीकरण गरी क्षमता अभिवृद्धि गराउने गरिएको छ । यस अभियानमा हालसम्म ११० जना सहभागी बनेका छन् ।

पुस्तकालयको दिगो सञ्चालन एवं व्यवस्थापनका लागि विभिन्न अभियान तथा कार्यक्रम प्रभावकारी बनेका छन् । म्याचिङ फन्ड अभियानअन्तर्गत पुस्तकालयलाई दिगो सञ्चालनका लागि सिहाटल अमेरिका बस्ने पुस्तकालयको संरक्षक सदस्य अमूल्य भट्टराई र यादवमणि भट्टराईले मासिक १०० अमेरिकी डलर जम्मा गरी वार्षिक रूपमा जम्मा भएको एक हजार २०० डलरलाई माइक्रोसफ्ट कम्पनीमा 'म्याचिङ' गरी वार्षिकरूपमा दुई हजार ४०० अमेरिकन डलर जम्मा गरिरहेका छन् ।

दिनको एक रूपैयाँ सहयोग अभियान यहाँको अर्को विशिष्टता हो । यस अभियानमार्फत समुदायमा रहेका व्यक्तिलाई पुस्तकालयमा जोडिनका लागि आह्वान गरिएको छ । यसअन्तर्गत जन्मोत्सव, श्राद्ध, चौरासी पूजा, चुडाकर्म, विवाह, न्वारान, सरकारी सेवामा जोडिँदा होस् वा बढुवा हुँदा स्वःफूर्तरूपमा एक रूपैयाँ दान अभियानमा अहिलेसम्म १६३ जनाबाट ९८ हजार रूपैयाँ जम्मा भएको छ ।

लाइब्रेरियन सापकोटाका अनुसार पुस्तकालय सञ्चालनका लागि नियमित स्रोतको अवस्था नरहे पनि तालिम हलको भाडा, सदस्यता, म्याचिङ फण्ड, ब्याज, चन्दा, आर्थिक सहयोगसहित वार्षिक २० लाख रूपैयाँसम्म आम्दानी हुने गरेको छ । पुस्तकालयमा कार्यरत कर्मचारीको तलब, मसलन्द, मर्मतसम्भार, विभिन्न कार्यक्रम सञ्चालनलगायतमा १६ लाख रूपैयाँ खर्च भई औसत चार लाख रूपैयाँ बचत हुने गरेको छ । अहिले पुस्तकालयको कूल सम्पत्ति एक करोड ७० लाख रूपैयाँ रहेको बताइएको छ ।

नौ प्रकारका सदस्यता कायम गरेकामा कूल ९४८ सदस्य रहेको पुस्तकालयमा हाल ५३८ साधारण सदस्य, ३१९ आजीवन सदस्य, ८४ संरक्षक सदस्य, तीन विशिष्ट सदस्य, दुई मानार्थ संस्थापक सदस्य, एक जना प्रमुख संरक्षक सदस्य र एक जना मानार्थ स्वदेशी सदस्य रहेका छन् । पुस्तकालयको हाल निर्माणाधीन सभा कक्ष समुदायका मानिसहरूले भूकम्पलगायतका विभिन्न प्राकृतिक विपत्तिका क्रममा उपयोगसमेत गर्न सक्ने उल्लेख गर्दै उनले उक्त स्थानमा पर्वत जिल्लामा प्रचलित लोपोन्मुख संस्कार, संस्कृति, प्राचीन ढिकी, जाँतोजस्ता सामग्रीसमेतको संकलन गर्दै संग्रहालयसमेत निर्माण गर्ने अवधारणा अघि सारिएको बताए । *रासस*

# मिलेनियम ट्रेकमा समेटिँदै महत्त्वपूर्ण गन्तव्य

तनहुँको दुलेगौंडादेखि स्याङजाको रामबाछा जोड्ने मध्यपहाडी पदमार्ग मिलेनियम ट्रेकमा विभिन्न नयाँ गन्तव्य जोड्न पहल थालिएको छ । पोखरा पर्यटनको राजधानी घोषणा भइसकेको अवस्थामा पर्यटकको बसाइँ लम्ब्याउन आसपासका गन्तव्यको प्रवर्द्धन र विकासका लागि पोखरा महानगरसँग जोडिएको यस पदमार्गलाई अन्य गन्तव्यसँग जोड्ने गरी मिलेनियम ट्रेक व्यवस्थापन समितिले सक्रियता बढाएको हो ।

स्थापनाको २५औं वर्ष लाग्दै गर्दा यस मार्ग क्षेत्रमा २५ वटै विशेष कायक्रम गर्ने तयारी गरिएको मिलेनियम ट्रेक व्यवस्थापन समितिका महासचिव हर्क गुरुङले बताए । 'स्थापनाको २५औं वर्षका अवसरमा सन् २०२५ को जनवरी १ देखि डिसेम्बरको अन्त्यसम्म हामीले विभिन्न कार्यक्रम गरी मनाउने तयारी गरेका छौं,' उनले भने, 'यो पदमार्गको उद्घाटन सन् २००० जनवरी १ मा हालका राष्ट्रपति रामचन्द्र पौडेल (तत्कालीन मन्त्री)ले गर्नुभएका कारण २५औं वर्ष विशेष कार्यक्रमसहित मनाउने सोच छ ।'

स्थापना भएको केही समयपछि नै देशमा सुरु भएको द्वन्द्वलगायत कारण अपेक्षित गति लिन नसके पनि कोरोना महामारीयता पदमार्गमा स्वदेशी एवं विदेशी पर्यटकको आकर्षण बढिरहेको उनले बताए । पछिल्लो समयमा समितिले विभिन्न अत्यावश्यकीय पूर्वाधार विकाससँगै यसको दायरालाई अझै फराकिलो बनाउने सोच राखी नयाँ नक्सांकनसमेत गरिरहेको छ । यसैक्रममा तनहुँको दुलेगौंडाबाट स्याङजाको रामबाछा जोड्ने ७२ किलोमिटर दूरीमा रहेको पदमार्गमा नछोएका पोखराका महत्त्वपूर्ण गन्तव्यलाई नक्सांकन समेटिएको छ । पदमार्गको पुनःनक्सांकनको काम भूगोलविद् सहप्राध्यापक डा. रामजी पोखरेल नेतृत्वको टोलीले गरेको हो ।

नयाँ नक्सांकनमा पोखरा महानगरपालिका-१७ को विरौटादेखि निर्मलपोखरी, भरतपोखरी, प्युरीदोभान हुँदै मिलेनियम ट्रेकको लामागाउँमा जोडिसकिएको सहप्राध्यापक डा. पोखरेलले जानकारी दिए । यसले भरतपोखरी र निर्मलपोखरीका पर्यटकीय गन्तव्यलाई प्रवर्द्धन गर्ने र ओझेलमा परेका भरतपोखरीको मल्लकालीन कोटभैरव मन्दिर, हुडिकोट, बरपाण्डेथुमको महारुद्रथान फोक्सिङकोट आदि धार्मिक एवं पर्यटकीय गन्तव्यको प्रवर्द्धनमा पनि टेवा पुग्ने उनको विश्वास छ ।

नयाँ नक्सांकनमा यसअघि छुटेका तनहुँकै धार्मिक पर्यटकीयस्थल च्यवनधाम, वंशु पार्क, तमु हिल पार्क आदि सांस्कृतिक एवं ऐतिहासिकस्थल समेटिएका छन् । समुद्री सतहबाट ४२० मिटरदेखि एक हजार ७१५ मिटर उचाइसम्ममा रहेको यो पदमार्ग उच्च पहाडी क्षेत्रमा जान नसक्ने तर पदयात्राको इच्छा राख्नेका लागि उपयुक्त मानिन्छ । पदमार्गको दायरा फराकिलो बनाउने प्रयासस्वरूप मिलेनियम ट्रेक व्यवस्थापन समितिले हालै पुतलीबजार नगरपालिका-८ स्थित क्रान्ति चौतारा, बहाकोट कालिका मन्दिरका साथै पुतलीबजार नगरपालिका-७ स्थित बौद्धस्तूपालाई जोड्ने गरी पहल बढाएको महासचिव गुरुङले बताए ।

वि.सं. २००७मा जहानियाँ राणाशासनको अन्त्यका लागि क्रान्ति सुरु गरिएको स्थलमध्येको एक क्रान्ति चौतारालाई राजनीतिकरूपमा महत्त्वपूर्णस्थलका रूपमा लिइन्छ । यहाँस्थित बहाकोट कालिका मन्दिर नेपालका बाइसेचौबिसे राजाको पालादेखि नै अस्तित्वमा आएको प्राचीन तीर्थस्थल हो । अन्यत्र कालिका मन्दिरमा ठाडो मौलो रहने भए पनि यहाँको मौलो भने तेर्स्याएर राखिएको पाइन्छ । दर्शन गरेमा मनले चिताएको पुग्ने



विश्वासले यसको गरिमा र महत्त्व बढाएको पाइन्छ । यी ऐतिहासिक महत्त्वका गन्तव्यलाई मिलेनियम ट्रेकमा जोड्ने गरी स्थलगत अध्ययन अवलोकन गरिसकिएको उनले बताए ।

प्रस्तावित मार्गमा मिलेनियम ट्रेकअन्तर्गतको सादिखोलादेखि सुरु भई लुम्छाक पन्ध्रमुरे, हुदिभञ्ज्याङ, भार्कोट, गैया धोवादी, क्रान्ति चौतारा, बहाकोट कालिका, डाँडास्वरा हुँदै काउलेमा पुगी पुनःमिलेनियम ट्रेकमा जोडिन्छ । यसले यस क्षेत्रको पर्यटन प्रवर्द्धनसँगै महत्त्वपूर्ण स्थललाई ट्रेकसँग जोड्ने महासचिव गुरुङले जानकारी दिए । प्राकृतिक विविधताले सम्पन्न यस ट्रेकमा नेपालमा मात्रै पाइने 'काँडेभ्याकुर' चरा पाइने गन्तव्य पनि हो । कूल ७२ किलोमिटर दूरीसहितको क्षेत्रफलमा समेटिएको यस पदमार्गको ५२ किलोमिटर क्षेत्र वन जंगलले ढाकिएको छ ।

जुनसुकै मौसममा पदयात्रा गर्न सक्ने यो पदमार्गका अधिकांश स्थानबाट धवलागिरि, अन्नपूर्णलगायत हिमशृंखला एकसाथ अवलोकन गर्न सकिन्छ भने वनजंगल, चराचुरुंगी आदिको अवलोकनले यहाँ आउने जोकोहीलाई लोभ्याउने गरेको छ ।

पोखरा पक्षी समाजका अध्यक्ष मनशान्त घिमिरेले नेपालमा मात्रै पाइने चरा काँडेभ्याकुरसमेत देख्न पाइने भएकाले पदमार्गको महत्त्व अझ बढी रहेको बताए । स्थलगत अध्ययनअनुसार पदमार्ग क्षेत्रमा तनहुँको प्रसिद्ध ढोरबाराही मन्दिरबाट रजस्थल, कोल्माबाट भैंसेगौंडा, बूढाकोट तलतिरको भागलगायत विभिन्न स्थानमा ठूलो संख्यामा काँडेभ्याकुर पाइएका छन् । पदमार्गका लामागाउँ, घरेडी, भैंसेगौंडा, गहते, बलुलगायत स्थानमा पनि काँडेभ्याकुर फेला परेका उनले जानकारी दिए ।

अध्ययनबाट पदमार्ग क्षेत्रमा १७३ प्रजातिका चरा फेला परिसकेको बताउँदै घिमिरेले सीमित क्षेत्रमा पाइने प्रजातिमध्येको पहाडी चुइँया, पहाडी सेन बाज पनि यस पदमार्गमा फेला परेका बताए । उनका अनुसार विश्वकै दुलर्भ प्रजाति डंगोर गिद्ध, सुन गिद्ध, अतिसंकटापन्न प्रजाति सानो खैरो गिद्ध, संकटापन्न प्रजाति सेतो गिद्धजस्ता धेरै प्रजाति यहाँ पाइएका छन् । अध्ययनले वर्षात्को समयमा यस क्षेत्रमा ६० भन्दा बढी प्रजातिका चराले बच्चा कोरलेको पाइएको बताउँदै उनले यस पदमार्गलाई चरा पर्यटनको गन्तव्यका रूपमा पनि विकास गर्न सकिने बताए ।

पदमार्गमा पर्यटकको आकर्षण बढ्दै जाँदा यहाँका बाजस्थल ट्रेडिस्नल रिसोर्ट, कोल्मामा रिसोर्टका साथै विभिन्न १९ स्थानमा घरबाससमेत सञ्चालनमा आइसकेका छन् । पर्यटकलाई स्थानीय उत्पादनका परिकार खुवाउनेगरी घरबास सञ्चालक लागिरहेका मिलेनियम भैंसेगौंडा सामुदायिक 'होमस्टे'का अध्यक्ष एवं मिलेनियम ट्रेक व्यवस्थापन समितिका सदस्य बालकुमार गुरुङले बताए । *रासस*




**जलमग्न घोराही** | दाङको घोराही बजारमा ढलको उचित निकास नहुँदा शुक्रबार दिउँसो परेको पानीले जलमग्न भएको घोराही उपमहानगरपालिका-१५ स्थित बजारको मुख्य सडक ।

*तस्बिरः कुलदीप न्यौपाने/रासस*

# इलाममा हट्दै छ आकाशेपानीमाथिको परनिर्भरता

■ **रामकुमार लिम्बू**

**फिक्कल (इलाम)**– वर्षौंदेखि आकासेपानीको भरमा खेती गर्दै आएका इलामको सन्दकपुर गाउँपालिका-५ जमुनाका निरकुमार फागो यतिबेला सुखी छन् । उनीमात्रै होइन यहाँका सयौं किसान वर्षौंदेखि आकासेपानी पर्खनुपर्ने बाध्यताबाट मुक्त भएसँगै खुसी भएका छन् । जमुनामा कोशी प्रदेश सरकार खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालयअन्तर्गत जलस्रोत तथा सिँचाइ विकास डिभिजन इलामले २० लाख रूपैयाँको लागतमा धुवाखोला सिँचाइ आयोजना निर्माण गरेपछि उनीहरू खुसी भएका हुन् ।

'आयोजना सम्पन्न भई खेतमा पर्याप्त पानी आउन थालेको छ । पक्की नहरको माध्यमबाट किसानका हाम्रा खेतमा सिँचाइ पुगेपछि वर्षौंदेखि बाँझिएका खाली जमिनमा पनि खेती गर्ने जाँगर आएको छ,' फागोले भने, 'सिँचाइ सुविधा विस्तारपछि मौसमअनुसारका अन्नबाली तथा तरकारीबाली उत्पादन गर्न थालेका छौं ।'

स्थानीय धुवाँखोलाको पानी व्यवस्थापन गरी खेतसम्म पुर्‍याएपछि यतिबेला त्यहाँका किसानको दैनिकीसमेत फेरिएको आयोजना उपभोक्ता समितिका उपाध्यक्षसमेत रहेका किसान फागोले बताए । 'पहिले-पहिले धान रोप्नका लागि आकासेपानी पर्खनुपर्ने बाध्यता थियो, समयमा पानी नपर्दा खेत बाँझै राख्नुपर्ने बाध्यता पनि थियो सिँचाइ आयोजना सम्पन्न भएपछि यसपटक समयमै रोपाइँ गरेका छौं,' फागोले भने ।

जलस्रोत तथा सिँचाइ विकास डिभिजन इलामका प्रमुख रामनारायण श्रेष्ठले आयोजनाबाट यस क्षेत्रको ७५ हेक्टर क्षेत्रफल खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुगेको र ६३१ किसान प्रत्यक्ष लाभान्वित भएका बताए ।

जमुनामा मात्रै होइन यहाँको फाकफोकथुम गाउँपालिका-३ आमचोकका किसान पनि यस वर्षदेखि उत्तिकै खुसी भएका छन् । यहाँ पनि कोशी प्रदेश सरकारको रु २० लाखको लागतमा निर्माण भएको सिम्ले कुलो सिँचाइ आयोजनाले किसानलाई राहत मिलेको छ । यस आयोजनाबाट ८० हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ भने ४५० किसान परिवार प्रत्यक्ष लाभान्वित भएका छन् । उक्त सिँचाइ आयोजना उपभोक्ता समितिका सचिवसमेत रहेका किसान टेक भारतीले पानी सुविधापछि खेत बाँझै राख्ने समस्या समाधान भएको बताए । 'विगतका वर्षमा आकासेपानीको पर्खाइमा त असार-साउन नै बित्ने गर्दथ्यो, सिँचाइ सुविधा विस्तारपछि यस वर्ष भने समयमै रोपाइँ गरेका छौं,' भारतीले भने, 'हामी ४५० किसान परिवार निकै हर्षित छौं, उत्पादनसमेत बढ्नेमा आशावादी छौं ।'

जमुना र आमचोक प्रतिनिधि उदाहरण मात्र हुन् । इलाममा कोशी प्रदेश सरकारले सिँचाइ सुविधाका लागि चालु आर्थिक वर्षमा मात्रै चार करोड ८० लाख ७० हजार रूपैयाँ लगानी गरेको छ । त्यसबाट ठूलासाना, नयाँ निर्माण र पुराना मर्मतसम्भार गरी ३५ आयोजनाका लागि उक्त रकम खर्च गरिएको हो । तीमध्ये २३ आयोजना सम्पन्न भइसकेका छन् भने आठ आयोजना अन्तिम चरणमा रहेका सिँचाइ विकास डिभिजन इलामका प्रमुख श्रेष्ठले जानकारी दिए । सम्पन्न भएकामध्ये नयाँ बहुवर्षे सिँचाइ आयोजना चारवटा र मर्मतबाट सम्पन्न भएका सिँचाइ आयोजना १९ रहेका छन् । चारवटा आयोजना भने सुरु हुन नसकेको प्रमुख श्रेष्ठले जानकारी दिए ।

'यस वर्ष इलाममा कोशी प्रदेश सरकारबाट ३५ सिँचाइ आयोजनाका लागि बजेट विनियोजन गरेको थियो, सबै आयोजना सम्पन्न भएमा जिल्लामा दुई हजार ४०२ हेक्टर क्षेत्रमा सिँचाइ सुविधा विस्तार हुनेछ,' श्रेष्ठले भने । उनका अनुसार आयोजनाबाट जिल्लाका १३ हजार ४६९ जना किसान प्रत्यक्ष लाभान्वित हुने छन् ।

यहाँको रोङ गाउँपालिकामा पनि २० लाख रूपैयाँको लागतमा बिरिङ कटहरे सिँचाइ आयोजना सम्पन्न भएको छ भने ३५ लाख रूपैयाँको लागतमा निर्माण भइरहेको सुकेनिन्दा सिँचाइ आयोजना अन्तिम चरणमा छ । माइजोगमाई गाउँपालिकामा २० लाख ७० हजार रूपैयाँको लागतमा खड्के खोला सिँचाइ आयोजना र १८ लाख रूपैयाँको लागतमा ढाडे खोला सिँचाइ आयोजना निर्माण कार्य अन्तिम चरणमा रहेको कार्यालयले जनाएको छ ।

सन्दकपुर गाउँपालिकामा १५ लाख रूपैयाँको लागतमा गीताङ सिँचाइ आयोजना र पाँच लाख लागत दाहाल खोला टारीबेँसी सिँचाइ आयोजना सम्पन्न भएका छन् । सूर्योदय नगरपालिकामा पनि २० लाख रूपैयाँको लागतमा आन्द्रे खोला सिँचाइ आयोजना र आठ लाखको लागतमा रम्फोक खोला ढाडे सिँचाइ आयोजना सम्पन्न भएका छन् ।

यस्तै, माई नगरपालिकामा १५/१५ लाख रूपैयाँको लागतमा पलाँसे र लेवाखोला, १० लाख रूपैयाँको लागतमा लोधिया र पाँच लाख रूपैयाँको लागतमा लोदिया माई सिँचाइ आयोजना सम्पन्न भएका छन् भने २० लाख रूपैयाँको लागतमा ठचाउरे खोला फचाउरे सिँचाइ आयोजना निर्माणाधीन छ ।

यसैगरी देउमाई नगरपालिकामा १५ लाख रूपैयाँको लागतमा ढोकेखोला तथा १०/१० लाखको लागतमा सेवा खोला, सियाखोला मुहानचुली कुलो, सियाखोला मुहानचुली कुलो (१), सियाखोला मुहान जुवारे कुलो र सियाखोला मुहान जुवारे कुलो सिँचाइ आयोजना (१) र आठ लाख रूपैयाँको लगानीमा फाप्लुङम्बा सिँचाइ आयोजना सम्पन्न भएको डिभिजन कार्यालयले जनाएको छ ।

माङसेबुङ गाउँपालिकामा १० लाख रूपैयाँको लागतमा कुसुण्डे बोहोरागाउँ सिँचाइ आयोजना सम्पन्न भएको छ । फाकफोकथुम गाउँपालिकामा २० लाख रूपैयाँको लागतमा होयाङ खोला सिँचाइ आयोजना अन्तिमचरणमा रहेको छ । इलाम नगरपालिकामा १०/१० लाख रूपैयाँको लागतमा हुलाके कुलो, जानिटार, छाँगे जर्मने सिँचाइ आयोजना र चिसेनी नयाँ प्रविधिमा आधारित सिँचाइ आयोजना सम्पन्न भएका छन् भने ३५ लाख रूपैयाँको लागतमा करफोक खोला सिँचाइ आयोजना निमाणाधीन छ ।

यस्तै, चुलाचुली गाउँपालिकामा १० लाख रूपैयाँको लागतमा रतुवा खोला सिँचाइ आयोजना र छ लाख रूपैयाँको लागतमा सानो चाँजु सिँचाइ आयोजना निर्माणकार्य अन्तिमचरणमा रहेको डिभिजन प्रमुख श्रेष्ठले जानकारी दिए । *रासस*

# यो वर्ष पनि नबन्ने भयो कमला नदीमा पुल



**गोदार (धनुषा)**– धनुषा र सिरहालाई जोड्ने कमला पुल यस वर्ष पनि नबन्ने भएको छ । निर्माण सम्पन्न भएर उद्घाटन हुनुअगावै भासिएको उक्त पुल तीन वर्ष बितिसक्दा पनि निर्माण हुन सकेको छैन । गत चैत १८ गते पुलको निरीक्षण गर्दै भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठले ठेकेदारलाई असार १५ गतेसम्म पुल निर्माण सम्पन्न गर्न निर्देशन दिएका थिए । उपप्रधानमन्त्रीसमेत रहेका महासेठले दिएका म्याद सकिन एक हप्ता बाँकी रहँदासम्म पुल निर्माणको प्रगति भने शून्य छ ।

'करिब १३ वर्षदेखि निर्माणाधीन यो पुलको पुनर्निर्माण समयमै हुनुपर्‍यो । नभए निर्माण कम्पनीलाई कारबाही गरी नयाँ प्रक्रिया अगाडि बढाउनुस्,' पुलको निरीक्षण गर्दै उपप्रधानमन्त्री महासेठले भनेका थिए । वर्षा सुरु भएसँगै बाढीको जोखिम बढेकाले पुल निर्माण यस वर्ष सम्पन्न हुन नसक्ने हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय जनकपुरधामका निर्देशक कृष्णकुमार महतोले बताए ।

मधेस प्रदेशको 'लाइफ लाइन' मानिने कमला पुल ४७० मिटर लामो छ । २०६८ जेठ ३१ मा ४२ महिनाभित्र निर्माण सम्पन्न गर्नेगरी पप्पु-लुम्बिनी जेभीसँग ठेक्का सम्झौता भएको थियो । सम्झौता भएको सात वर्षसम्म पनि पुल निर्माण नभएपछि हुलाकी राजमार्ग सडक निर्देशनालयले उक्त निर्माण कम्पनीसँग ठेक्का तोडेर निर्माणको जिम्मा लुम्बिनी बिल्डर्सलाई दिएको थियो ।

बिल्डर्सको कमाण्डमा निर्माण अन्तिम चरणमा पुगिसकेकाले वि.सं. २०७८ साउनमा उद्घाटनको तयारी गरिसकेको अवस्थामा पुल भासिएको निर्देशक महतोले बताए । उनका अनुसार १३ पाया (पिलर) र १२ स्पान (स्ल्याब) रहेको पुलको सिरहातर्फको दोस्रो र धनुषातर्फको चौथो पाया भासिएको थियो ।

पुल भासिएपछि निर्माण कम्पनी र बिमा कम्पनीबीचको विवादले हालसम्म काम रोकिएको निर्देशक महतोको भनाइ छ । 'सरकारी निकायको कुनै पनि ठेक्का गर्दा १० लाख रूपैयाँभन्दा बढीको आयोजनामा बिमा गराउनुपर्ने प्रावधान छ । सोही प्रावधानअनुसार पुल निर्माण कम्पनीले बिमा गराएको थियो । पुल भासिएपछि बिमा कम्पनीले क्षतिपूर्ति नदिएपछि सोही विवादका कारण काम रोकिएको छ,' उनले भने ।

निर्माण कम्पनीका प्रबन्ध निर्देशक विष्णु शर्माले यो वर्ष पुल निर्माण सम्पन्न गर्न सम्भव नरहेको बताए । पुल पुनर्निर्माण गर्न हालसम्म डिजाइन पास नभएकाले निर्माण सम्भव नरहेको उल्लेख गरे । 'पेस गरिएको डिजाइनमध्ये एउटा धनुषातर्फको पास भएको छ । केही दिनअघि मात्रै कम्पनीका तर्फबाट तयार गरिएको डिजाइन मन्त्रालयमा बुझाएका छौं । सिरहातर्फको डिजाइन पास भएको छैन । अनि कसरी यो वर्ष काम हुन्छ ?,' प्रबन्ध निर्देशक शर्माले प्रश्न गरे । वर्षामा नदीमा बाढी आउन सक्ने भएकाले आगामी असोज/कात्तिकबाट निर्माण अगाडि बढाइने उनको भनाइ छ ।

यही असार मसान्तसम्म निर्माणको म्याद रहेको भन्दै प्रबन्ध निर्देशक शर्माले म्याद थप गरी सहजीकरण गर्नुपर्नेमा जोड दिए । उनले बिमा कम्पनीसँग उच्च अदालत काठमाडौंमा मुद्दा चलिरहेकाले निर्माणमा ढिलाइ भएको तर्क गरे । प्रबन्ध निर्देशक शर्माका अनुसार पुल भासिएपछि बिमा कम्पनीसँग १२ करोड रूपैयाँ क्षतिपूर्तिको माग गरिएको थियो । बिमा कम्पनीले दुई करोड रूपैयाँमात्रै दिने भनेपछि, कम्पनीविरुद्ध उजुरी दिएका छौं,' उनले भने, 'उजुरीका आधारमा समस्या समाधान नभएपछि उच्च अदालत गएका हौं । उच्च अदालतमा गत जेठ तेस्रो साता मुद्दा दर्ता गराएका छौं ।' अहिले पुलमा सामान्य निर्माण भने भइरहेको उनले बताए ।

कमला नदीमा पुल नबन्दा धनुषा र सिरहाका नागरिकको जनजीवन प्रभावित हुँदै आएको सिरहा नगरपालिका-१७ का प्रविन यादवले बताए । 'पुलका कारण बर्खाको समयमा आफ्नै खेतबारीमा पुग्न पनि गाह्रो हुन्छ । आवागमनमा सास्ती हुनुका साथै यस क्षेत्रको आर्थिकस्तर, व्यापार-व्यावसायमा कमी हुँदै आएको छ,' उनले भने ।

यहाँका सर्वसाधारणलाई प्रदेशको राजधानी जनकपुरधाम आवतजावत गर्न निकै सास्ती भोग्नु परिरहेको छ । बाढीले आवतजावत प्रभावित भएपछि सिरहाका नागरिक गम्भीर प्रकृतिको उपचार गराउन जनकपुरधाम वा कोशी प्रदेशको राजधानी विराटनगर पुग्न समस्या हुने गरेको यादवको भनाइ छ । सिरहाबाट जनकपुरधाम पुग्न हुलाकी राजमार्गबाट ३० किलोमिटर पर्दछ भने महेन्द्र राजमार्ग भएर जाँदा ९० किलोमिटर पर्दछ । *रासस*


## तु-आवश्यकता

यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

**पदः PRO (Public Relations Officer**

**योग्यताः**
- कम्तिमा ३ वर्षको अनभव
- उत्कृष्ट सञ्चार क्षमता
- नेपाली र अंग्रेजी भाषामा दक्षता

**तलबः आपसी समझदारीमा**

**आवेदन प्रक्रियाः**
आवेदन पत्र र आवश्यक कागजातहरु यस विज्ञापन प्रकाशित भएको मितिबाट ७ दिनत्रि तलको ठेगानामा पठाउनुहोला :

**नोटः केवल छोट-सूचीकृत उम्मेद्वारहरूसँग मात्र सम्पर्क गरिनेछ ।**

TESLA OVERSEAS PVT.LTD.
Govt. License 1638/080/81
Sinamangal 9, Kathmandu, Nepal
Tel: 9807797030, 9851320099, 9851092233
Email: info@teslaoverseas.com.np



दावी विरोध सम्बन्धी

**वैदेशिक रोजगार विभाग काठमाडौंको सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजतपत्र प्राप्त संस्था श्री **Best HR Solutions Pvt. Ltd. (ई.प.नं. ११९०/०७३/०७४) ले** यस विभाग समक्ष कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. ९ स्थित शाखा कार्यालय रद्द गरी धरौटी रकम फिर्ता गरी पाउँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सबुद प्रमाण सहित **वैदेशिक रोजगार विभाग**मा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८१/०३/०५ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शाखा कार्यालयको इजाजतपत्र रद्द गरी धरौटी रकम फिर्ता भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MOBILE SUPPORT CONTRACTING CO.LTD.IS A ONE-PERSON COMPANY

पुर्व स्वीकृति मिति २०८०/०६/०५ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/०७ | LT. No. 284253 | चलानी नं. ६०१९९५३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Driver | 6 | 0 | 1500 | ५३,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver Heavy Equipment | 4 | 0 | 1800 | ६३,८०५ | | | | | | | |
| 3 | Road Maintenance Worker | 2 | 0 | 1000 | ३५,७४५ | | | | | | | |
| 4 | Trailer Truck Driver | 5 | 0 | 1800 | ६३,८०५ | | | | | | | |

कम्पनी : SAMI AND MOAZ ABDULRAHMAN AL-LUHAIDAN COMPANY FOR TRADING, CONTRACTING AND TRANSPORT

पुर्व स्वीकृति मिति २०८१/०१/२१ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/०७ | LT. No. 304115 | चलानी नं. ६०२१८८९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 22 | 0 | 1800 | ६३,८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : STARS INSULATIONS ESTABLISHMENT FOR BUILDING MATERIALS

पुर्व स्वीकृति मिति २०८०/१०/०३ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/०७ | LT. No. 298053 | चलानी नं. ६०२१३१५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Pick Up Truck Driver | 1 | 0 | 1800 | ६३,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार १५ गते (29th June 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १८५/०५७/०५८

**Kapeel Manpower Pvt. Ltd.**
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np



## कुवेत/साउदी/युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PREP FOOD SUPPLIES COMPANY

पुर्व स्वीकृति मिति २०८१/०२/२५ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/०२ | LT. No. 305986 | चलानी नं. ६०२२०७२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 10 | 0 | 150 | ६५,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 10 | 0 | 120 | ५२,२५५ | | | | | | | |
| 3 | Commi 1. | 10 | 0 | 150 | ६५,३२० | | | | | | | |
| 4 | Cook | 10 | 0 | 250 | १०८,८८५ | | | | | | | |
| 5 | Labor | 10 | 0 | 120 | ५२,२५५ | | | | | | | |

कम्पनी : DUBAI OASIS COMPANY

पुर्व स्वीकृति मिति २०८१/०२/०९ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/०२ | LT. No. 305143 | चलानी नं. ६०२१९८८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 5 | 0 | 1500 | ५३,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : PLATINUM HANDS PACKING & REPACKING SERVICES

पुर्व स्वीकृति मिति २०८०/१२/२३ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/०२ | LT. No. 303173 | चलानी नं. ६०२१७९९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Indoor Cleaners | 20 | 20 | 800 | २९,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Packer | 60 | 0 | 800 | २९,००० | | | | | | | |

कम्पनी : MAWARID SERVICES COMPANY LLC

पुर्व स्वीकृति मिति २०८०/०८/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/०२ | LT. No. 296251 | चलानी नं. ६०२११२७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Forestry Worker | 143 | 0 | 800 | २९,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ALABAAD ALKHAMSAH SECURITY SERVICES

पुर्व स्वीकृति मिति २०८०/०४/२५ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/०२ | LT. No. 290613 | चलानी नं. ६०२१३३२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 52 | 17 | 1200 | ४३,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार १० गते (24th June 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

FUTURE STAR MANPOWER PVT. LTD.
श्रम ईजाजत नं. ३९७/०६०/०६१

**Future Star Manpower Pvt. Ltd.**
Samakhushi, Townplaning, Kathmandu, Nepal,
(Kathmandu) Phone : +977-1-4960576, 4950719, 9810101810, 9813916322
Contact for Branch Office Jhapa (Birtamode) :- 023-533784 ,981-7914275 , 9803498035
Contact for Branch Office Kaski (Pokhara) :- 061591417 / 061501418, 9819100814, 9824194594
E-mail : futurestarmp397@gmail.com, Website : www.futurestarmanpower.com

## शान भुषालको 'मायाको धुन' बजारमा

असार ७ गते गायक शान भुषालको नयाँ गीत मायाको धुन सार्वजनिक भएको छ । पार्टी लभरलक्षित यो गीतमा गायिका रितिका श्रेष्ठको शब्द रहेको छ भने संगीत गायक भुषाल स्वयमको छ । गीतको उत्पादक अल्मोडा राना उप्रेतीको रहेको छ । गीतमा प्रदिप लामा र केविका कार्कीको अभिनय रहेको छ । गायक भुषालकाअनुसार दोलालघाट र नगरकोटमा गीतको छायांकन गरिएको भिडियोको निर्देशन प्रदिप लामाले गरेका छन् । अमेरिकाको डालस स्थित गुन्जन स्टुडियोमा गीतको रेकर्डिङ गरिएको हो । अर्घाखाँचीका गायक भुषाल हाल अमेरिकामा छन् ।






# पुजाको एक्शन फिल्म 'दान्भी' रिलिज



**काठमाडौं (प्रस)–** अभिनेत्री पुजा शर्माको प्रमुख भूमिका रहेको 'दान्भी' आजदेखि रिलिज भएको छ । शुक्रबार नै स्वर्गीय गायक भक्तराज आचार्यको बायोपिक फिल्म'आचार्य' पनि रिलिज गरिएको छ । 'दान्भी'मा अभिनेत्री पूजा शर्मा एक्सन अवतारमा प्रस्तुत भएका कारण उनका फ्यानहरूमा फिल्मप्रति खास कौतुहलता रहेको छ । ट्रेलरमा पुजाको एक्सनको प्रशंसा भएको थियो । फिल्मले देशभरका मल्टीप्लेक्सहरूमा राम्रो शोज पाएको छ ।

रूपेश तामाङको निर्देशनमा बनेको फिल्ममा पूजासहित कुन्साङ बोम्जन र किरण श्रेष्ठको पनि अभिनय छ । 'दान्भी'मा हरि बहादुर घलेको छायांकन, रविना थापा मगरको कथा, संजोग कुवँर रानाको पटकथा तथा संवाद लेखन तथा अर्जुन पोखरेल, नरेश जोशी र केदारराज नेपालको संगीत छ । फिल्मको निर्माता देव मगर र अनुप गडाल हुन् । कार्यकारी निर्मातामा भने पवन राना मगर छन् ।

त्यस्तै 'आचार्य' भने स्वर्गीय गायक भक्तराज आचार्यलाई विशेष 'ट्रिब्यूट' दिनका लागि १३ वर्षपछि पुनः रिलिज गरिएको छ । प्रशान्त रसाइलीको निर्देशन तथा रोशन राईको निर्माण रहेको फिल्ममा सत्यराज आचार्य, सुनिल पोखरेल, दयाहाङ राई, अरुणा कार्की, सौगात मल्ल, विपिन कार्की आदिको अभिनय छ ।

# सगरमाथा म्युजिक अवार्डको उत्कृष्ट ५ मनोनयन सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** छैटौं सगरमाथा म्युजिक अवार्ड २०८१ को उत्कृष्ट पाँचको मनोनयन सार्वजनिक भएको छ । 'नेपाली कला र स्रष्टाको सम्मान, नेपाली संस्कृति संरक्षण र प्रवर्द्धन हाम्रो अभियान' भन्ने मूल नारा उठाएको अवार्डको २१ विद्यामा उत्कृष्ट ५ सार्वजनिक गरिएको हो ।

महालक्ष्मी विकास बैंक र ज्योति विकास बैंक प्रायोजक रहेको अवार्डमा राष्ट्रिय, चलचित्र, पप- आधुनिक र लोक दोहोरी विधामा समेटिएको छ । यो संस्करणलाई विशेष बनाउन कार्यक्रम विदेशमा आयोजना गर्न लागिएको कार्यक्रम संयोजक मनोज थापाले जानकारी दिए । उनका अनुसार थाइल्याण्ड, सिंगापुर र मलेसियामा फरक देशमा फरक कार्यक्रम हुनेछ । थाइल्याण्डमा छैटौं सगरमाथा म्युजिक अवार्ड २०८१, सिंगापुरमा सगरमाथा संगीत बहस कार्यक्रम र मलेसियामा सगरमाथा संगीत सम्मान कार्यक्रम हुनेछ । नेपालमा पनि विशेष कार्यक्रम हुनेछ ।

कार्यक्रममा नेपाली संगीतको क्षेत्रमा योगदान पुर्याएका एक विशिष्ट व्यक्तिलाई लाइफ टाइम अचिभमेन्ट अवार्ड र २५ वर्ष भन्दा लामो समयदेखि रङ्ग पत्रकारितामा सक्रिय पत्रकारलाई रजत पत्रकारिता सम्मान र नेपाली कला क्षेत्रमा कलम चलाउने पत्रकार र कलाकारलाई सम्मान गरिने कार्यक्रम प्रमुख पुरुषोत्तम बस्नेतले जानकारी दिए । या संस्करणको आयोजक टिममा कार्यक्रम प्रमुख पुरुषोत्तम बस्नेत, कार्यक्रम संयोजक मनोज थापा, सनम कठायत, उषा सुवेदी, मुकुन्द बस्नेत र कुशल खत्री छन् ।

# 'मायाका रंगहरू'मा अभिनेता मनिषको इन्ट्री



**काठमाडौं (प्रस)–** केवल तामाङको निर्देशनमा बन्न लागेको फिल्म 'मायाका रंगहरू' मा 'प्रेमगीत ३' का अभिनेता मनिष राउतको इन्ट्री भएको छ । पल शाहको मुख्य भूमिका रहने यस फिल्ममा मनिष भिलेनको भूमिकामा रहने बताइएको छ ।

'प्रेमगीत ३'मा पनि उनी नकारात्मक भूमिकामा नै थिए । यो उनको डेब्यु फिल्म थियो । फिल्ममा अभिनेता पल शाहसहित सुनिल थापा, पदम तामाङ, बुद्धि तामाङ जस्ता कलाकारहरूको टुंगो लागि सकेको छ भने अभिनेत्रीको टुंगो भने अझै लागेको छैन ।त्रिकोणात्मक प्रेमकथामा बन्न लागेको फिल्मको निर्माता आरबी थाङ्देन हुन् भने सह-निर्मातामा जनिश न्यौपाने र दीपेन्द्र चिलवाल छन् ।

पुनम तामाङको प्रस्तुति रहेको फिल्मको कथा शेखर ज्ञवालीले लेखेका छन् भने सौरभ लामाको छायांकन, तारा प्रकाश लिम्बु, उर्गेन दोङ, मेचु धिमाल र दीपक शर्माको संगीत तथा रामजी लामिछाने, सुष्मा सोनम र कृष्ण तामाङको कोरियोग्राफी रहनेछ ।



# गल्फ जायन्टद्वारा दिपेन्द्र सिंह ऐरीसहित १३ खेलाडी रिटेन

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली राष्ट्रिय टोलीका अलराउन्डर दीपेन्द्र सिंह ऐरीलाई युएईको आईएल टी २० लिग फ्रेन्चाइजी गल्फ जायन्टलले रिटेन गरेको छ । गल्फ जायन्टले आउदो सिजनका लागि रिटेन गरेका १३ खेलाडीमा दीपेन्द्र पनि परेका हुन् । गल्फ जायन्टले ऐरीसहित जेम्स भिन्स, शिमरोन हेटमायर, क्रिस जोर्डन, आयान खान, जुहाइब जुबैर, ब्लेसिंग मुजरबानी, गेर्हार्ड इरास्मस, जेमी स्मिथ, रिचर्ड ग्लेसन, रेहान अहमद, जोर्डन कक्स र जेमी ओभरटनलाई रिटेन गरेको जानकारी दिएको छ ।




ऐरीले यसअघिको सिजनमा पनि गल्फ जायन्टमा सामेल भएपनि कुनै खेल भने खेल्न पाएका थिएनन् । आइएल टी-२० को आउदो सिजन ११ जनवरी २०२५ देखि शुरु हुदै छ । यस अघि २०२३ र २०२४ गरी दुई सिजन सम्पन्न भएको यो टी-२० लिगमा २०२३ को पहिलो सिजनमा गल्फ जायन्ट च्याम्पियन बनेको थियो भने २०२४ मा एमआई इमिरेट्स च्याम्पियन बनेको थियो । यस लिगमा आइपिएल फ्रेन्चाइजीका मालिकले टिम बनाएका छन् । गल्फ जायन्ट आइपिएल टिम गुजरात जायन्टसका मालिक अदानी समुहको हो ।

# आर्मीलाई महिला कबड्डीको उपाधि

■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपाल आर्मीले सीता दाहाल राष्ट्रिय महिला कबडी प्रतियोगिताको उपाधि जितेको छ । शुक्रबार लैनचौरस्थित राष्ट्रिय टेबलटेनिस प्रशिक्षण केन्द्रमा भएको फाइनलमा आर्मीले एपीएफलाई २५-२४ को अन्तरले पराजित गर्यो । उपाधिसँगै आर्मीले १ लाख र उपविजेता एपीएफले ५० हजार नगद पुरस्कार पाए । तेश्रो भएका नेपाल प्रहरी र सुदूरपश्चिमले समान २५-२५ हजार नगद पुरस्कार हात पारे । अखिल नेपाल कबडी संघद्वारा आयोजित प्रतियोगितामा आर्मीकी अनुजा कुलुङ राई उत्कृष्ट खेलाडी घोषित भइन् । अनुजाले ११ हजार नगद पुरस्कार पाइन् ।

विजेतालाई राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टंकलाल घिसिङलगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे । असार ४ गतेदेखि सुरु भएको प्रतियोगितामा ५ प्रदेश (गण्डकी-कर्णाली बाहेक) र तीन विभागीय टोली गरी ८ टिमले प्रतिस्पर्धा गरेको आयोजक संघका महासचिव अरविन्दकुमार झाले जनाएका छन् ।

कार्यक्रमलाई सम्बोधन गर्दै सदस्य-सचिव घिसिङले आफू परिषद्को नेतृत्वमा आएपछि खेलकुद नियमावली-२०७९ पारित भएको र सो नियमावलीमा भएको खेलाडी पुरस्कार सम्बन्धी व्यवस्थालाई टेकेर १९ औं एसियाली खेलकुदका पदक विजेता र जारी आईसीसी विश्वकप टी- २० क्रिकेटलाई छनोट भएको नेपाली राष्ट्रिय पुरुष क्रिकेट टोली पुरस्कृत भइसकेको बताए । उनले त्यसअघि पनि खेलकुद नियमावलीमा रहेको पुरस्कारको व्यवस्थाको आधारमा खेलाडीलाई पुरस्कृत गरिएको बताएका थिए ।

**सूर्य नेपाल प्रिमियर गल्फ**

# सुवाश बने च्याम्पियन

■ प्रभाव संवाददाता

**काठमाडौं–** डिफेन्डिङ च्याम्पियन सुबाश तामाङले भुवन नगरकोटी र निरज तामाङलाई दुई स्ट्रोकले हराउँदै सूर्य नेपाल गल्फ टुर २०२३-२४ को अन्तिम प्रतियोगिता सूर्य नेपाल प्रिमियर गल्फ च्याम्पियनसीपको उपाधि जितेका छन ।




४-अन्डर ६८ को कार्ड तयार गर्दै सुबाशले समग्रमा १६-अन्डर २ सय ७२ को सानदार नतिजामा उपाधि आफ्नो नाममा लेखाए । प्रो बनेपछिको पहिलो उपाधि जितेका उनले नगद २ लाख ७५ हजार प्राप्त गरे । समग्रमा १४-अन्डर २ सय ७४ को स्कोरमा निरज र भुवनले संयुक्तरूपमा दोस्रो स्थान बाँडे । निरजले ५-अन्डर ६७ र भुवनले ३-अन्डर ६९ को स्कोर दर्ज गरे । उनीहरूले जनही १ लाख ४८ हजार ५ सय नगद पुरस्कार प्राप्त गरे । दिनेश प्रजापतिले १-अन्डर ७१ सहित समग्रमा १२-अन्डर २ सय ७६ को स्कोरमा चौथो भए । उनले १ लाख २ हजार हात पारे ।

समग्रमा ६-अन्डर २ सय ८२ को नतिजामा तोरण विक्रम शाही पाँचौ हुँदै ८८ हजार प्राप्त गरे । उनले आज इभन-पार ७२ मा खेल सकाए । २-अन्डर २ सय ८६ को स्कोरमा छैटौं भएका सञ्जय लामाले अन्तिम दिनको खेल २-अन्डर ७० मा सकाए । उनले ८० हजार नगद पुरस्कार हात पारे ।

समग्रमा इभन-पार २ सय ८८ सहित टंक बहादुर कार्की र जयराम श्रेष्ठ सातौं भए । टंकले ३-अन्डर ६९ र जयरामले ४-ओभर ७६ मा खेल सकाए । उनीहरूले जनही ७१ हजार ५ सय नगद हात पारे । समग्रमा १-ओभर २ सय ८९ को स्कोरमा रवि खड्का नवौं र ६-ओभर २ सय ९४ सहित रामे मगर दशौं भए । रविले ३-अन्डर ६९ र रामेले २-ओभर ७४ मा खेल सकाए । रविले ६४ हजार र रामेले ५९ हजार नगद हात पारे ।

एमेच्योरतर्फ ८-अन्डर २ सय ८० को स्कोरमा बिजय श्रेष्ठ आइन्हाउसलाई दुई स्ट्रोकले हराउँदै सदभाव आचार्यले उपाधि जिते । उनले १-ओभर ७३ को स्कोर निकाले । आज १-अन्डर ७१ खेल्दै विजय सहित समग्रमा ६-अन्डर २ सय ८२ सहित दोस्रो भए । समग्रमा २-अन्डर २ सय ८६ को स्कोरमा तेन्जिङ पाल्देन तेस्रो भए । उनले आज २-अन्डर ७० खेले ।

अन्तिम दिनको सुरूवात गर्दा सुबाश र भुवनबीच कडा प्रतिस्पर्धा चल्यो । दोस्रो होलको बोगी विरूद्ध पहिलो र तेस्रो होलको बर्डीले सुबाशले फ्रन्ट नाइन १-अन्डर ३५ मा सकाए । भुवनले दोस्रो र आठौं होलमा एक-एक सट खेर फाले भने तेस्रो, छैटौं, सातौं र नवौं होलमा बर्डी प्रहार गरे । फ्रन्ट नाइन २-अन्डर ३४ मा सकाए । फ्रन्ट नाइनको खेल सकिंदा सुबाश र भुवन कुल १३-अन्डरको स्कोरमा बराबरीमा थिए । यसपछि दशौं होलमा भुवनले उत्कृष्ट चिप पटमा बर्डी प्रहार गरे र एक स्ट्रोकको अग्रता बनाए । ११औं होलमा सुबाशको टी सट पानीमा खस्यो । यो होलमा सुबाशले बोगी खेपे । भुवनले भने बर्डी प्रहार गर्दै २ स्ट्रोकको अग्रता बनाए । तर यो अग्रता सुबाशले १२ औं होलमा एक स्ट्रोकमा झारे । सुबाशले उत्कृष्ट चिप गर्दै इगलको सफलता प्राप्त गरे । भुवनले भने बर्डी प्रहार गरे । यसपछिका ४ होलमा दुबैले बराबरी खेले ।

एक स्ट्रोकले अगाडि रहेका भुवनको लागि १७औं होल हारको कारण बन्यो । उनको अप्रोच सट रूखमुनि पुग्यो र डबल बोगी खेपे । सुबाशले पार बचाउँदै एक स्ट्रोकको अग्रता बनाए ।

अन्तिम होलमा बर्डी प्रहार गर्दै सुबाशले २ स्ट्रोकले उपाधि जिते । उनले ब्याक नाइन ३-अन्डर ३३ मा र भुवनले १-अन्डर ३५ मा पुरा गरे । सुर्य नेपाल गल्फ टुरमा सुबाशको यो समग्रमा छैटौं उपाधि हो ।

निरजले सातौं होलको बर्डीले फ्रन्ट नाइन १-अन्डर ३५ मा सकाए । यसपछि १०औं, १२औं, १४औं र १८औं होलको बर्डीले ब्याक नाइन ४-अन्डर ३२ मा पुरा गर्दै बोगी फ्री स्कोर कार्ड बनाए । पुरस्कार राशीको आधारमा सिजनकै ठुलो प्रतियोगितामा कुल १५ लाख ५० हजार नगद पुरस्कार राशी रहेको प्रतियोगितामा ३७ प्रो र ११ एमेच्योर गरी कुल ४८ गल्फरको सहभागीता रहेको थियो ।

यो सिजनको कुल आठ प्रतियोगिता मध्ये एमेच्योर सदभाव आचार्यले दुई तथा प्रो दिनेश प्रजापति, शुक्र बहादुर राई, भुवन नगरकोटी, रवि खड्का, निरज तामाङ र सुबाश तामाङले एक एक उपाधि जिते ।

विजयी खेलाडीहरूलाई सूर्य नेपाल प्रालिका म्यानेजिङ डिरेक्टर रवि कुमार रायवरम र पिजीए नेपालका अध्यक्ष रविन्द्रमान श्रेष्ठले पुरस्कार वितरण गरे । सूर्य नेपाल प्रिमियर गल्फ च्याम्पियनसीप अन्तर्गत प्रो-एम प्रतियोगिता शनिबार हुनेछ ।




साउदी अरेबियाको मक्कास्थित अल मशायर अल मुगद्दासाह मेट्रो लाइनमा चलिरहेका रेलहरू । तस्बिरः सिन्ह्वा

# इजरायलमा हतियार नपठाउन आग्रह

**जेनेभा–** संयुक्त राष्ट्रसंघका ३० भन्दा बढी विज्ञले बिहीबार राज्य र कम्पनीलाई इजरायलमा हतियार र गोलाबारुद हस्तान्तरण गर्न रोक्न आह्वान गरेका छन् । हात हतियारको निर्बाध स्थानान्तरणले मानवअधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर उल्लंघन भई मावबीय नरसंहारलगायत अन्तर्राष्ट्रिय अपराधमा राज्यको संलग्नताको जोखिम हुन सक्ने उनीहरूले बताएका छन् ।

हतियार बेच्ने लाइसेन्स भएका बिएई प्रणाली, बोइङ, क्याटरपिलर, जनरल डायनामिक्स र लकहिड मार्टिनजस्ता कम्पनीलाई संकेत गर्दै विशेष प्रतिवेदक, स्वतन्त्र विज्ञ र संयुक्त राष्ट्र मानवअधिकार परिषद्का कार्य समूहले संयुक्त वक्तव्य जारी गर्दै विश्व समुदाय तथा हतियार निर्मातालाई इजरायलमा हतियारलगायत अन्य सैन्य उपकरणको बिक्री र हस्तान्तरण रोक्न आग्रह गरे ।

कम्पनीहरूले इजरायली सेनालाई हतियार, पाटपुर्जा र गोलाबारुद पठाएर अन्तर्राष्ट्रिय मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर उल्लंघनमा संलग्न हुने जोखिम रहेको विज्ञहरूले जनाएका छन् । जारी इजरायली सैन्य आक्रमण नागरिक तथा पूर्वाधारमा अन्धाधुन्ध आक्रमणको विषेशता भएको विज्ञहरूले उल्लेख गरेका छन् । उनीहरूका अनुसार इजरायलमाथि हतियार प्रतिबन्ध र लगानीकर्ताले निर्णायक कदम चाल्नुपर्ने आवश्यकता पहिलेभन्दा बढी जरूरी छ । *रासस/सिन्ह्वा*

# चीनमा भारी वर्षापछि आएको बाढीमा परी ११ जनाको मृत्यु

**हेफेई, चीन–** चीनमा मुसलधारे वर्षाका कारण शुक्रबारको अन्त्यसम्ममा ११ जनाको ज्यान जानुका साथै अनहुई प्रान्तमा दुई र दक्षिण चीनको गुआंगडोङ प्रान्तमा नौ जनाको ज्यान गएको छ । निरन्तरको वर्षापछि पूर्वी र दक्षिणी चीनका धेरै भागहरूमा बाढीका कारण स्थानीयले ज्यान गुमाएका छन् ।

बाढी र डुबानका कारण विभिन्न बालीमा क्षति पुग्नुका साथै सडकहरू काटिएको छ । स्थानीय अधिकारीले चरम मौसमी अवस्थाको प्रभाव कम गर्न आपत्कालीन प्रतिक्रियाको स्तर बढाएका छन् । शुक्रबार बर्षा र आँधीसम्बन्धी मौसम विज्ञान प्रकोप प्रमुखले मोसमी पूर्वानुमान र आपत्कालीन प्रतिक्रिया दिँदै आगामी तीन दिन प्रान्तमा कडा वर्षा हुने अनुमान गरेको छ ।

बुधबारदेखि बिहीबारसम्म सहरको औसत वर्षा १७६.४ मिलिमिटर पुगेको छ भने टुनक्सी जिल्लामा ४०५.५ मिलिमिटरको अधिकतम वर्षा रेकर्ड गरिएको छ । वर्षाले एक लाख ७९ हजार मानिसहरू प्रभावित भएकामा लगभग ११ हजार बासिन्दालाई अस्थायी स्थान्तरण गरिएको थियो । सहरको पार्टी समितिको प्रचार विभागका अनुसार क्षतिग्रस्त बालीको क्षेत्रफल ११ हजार ४८० हेक्टर पुगेको छ ।

वर्षाका कारण आएको बाढीले नौवटा राष्ट्रिय वा प्रान्तीय राजमार्गसहित सहरका ५० वटा सडक अवरुद्ध पारेको छ । पाँचवटा काउन्टी-स्तरीय क्षेत्रमा सार्वजनिक यात्रु यातायात सञ्चालन स्थगित गरिएको छ । सहरमा तीन हजारभन्दा बढी उद्धारकर्ता, २३५ वारूणयन्त्र र १०५ जहाज उद्धार तथा राहतका लागि परिचालन गरी दुई हजार ४०० भन्दा बढी फसेका बासिन्दालाई उद्धार गरिएको छ ।

वर्षामा केही ग्रामीण सडक भत्किएका कारण उद्धारकर्ताहरू पहाडी क्षेत्रका केही दुर्गम गाउँमा पुग्न पैदल हिँड्नुपरेको उनले बताए । सहरका उपप्रमुख चेन टिएन्युले अहिले बाढी नियन्त्रणका लागि निकै महत्त्वपूर्ण समय भएको बताउँदै सहरको हुइझोउ जिल्लास्थित चेंगकन नगरमा रहेको एउटा उच्च अध्ययन भ्रमण आधारलाई खाली गरिएका बासिन्दाका लागि अस्थायी बस्ती स्थलमा परिणत गरिएको छ ।

सहर र गाउँस्तरका सबै कार्यकर्ताहरूलाई परिचालन गरी प्रभावित स्थानहरूमा गस्ती र निरीक्षण गर्न भनिएको छ । गुआंगडोङको सिमानामा रहेको फुजियान प्रान्तमा जुन १६ देखि सुरु भएको लगातारको वर्षाले लोयान सहरका एक लाखभन्दा बढी बासिन्दाको सामान्य जनजीवन प्रभावित बनेको छ । *रासस/सिन्ह्वा*

# भारत र पाकिस्तानबीच प्रत्यक्ष वार्ताको पक्षमा अमेरिका



**वासिङ्टन डिसी–** अमेरिकी विदेश मन्त्रालयका प्रवक्ता म्याथ्यू मिलरले बिहीबार अमेरिकाले भारत र पाकिस्तानबीच प्रत्यक्ष छलफललाई समर्थन गर्ने बताएका छन् । उनले छलफलको गति, दायरा र चरित्र पनि दुई देशको आपसी समझदारीमा निर्धारण गर्नुपर्ने बताए । पाकिस्तानका प्रधानमन्त्री शहबाज सरिफले तेस्रो कार्यकालका लागि प्रधानमन्त्री नरेन्द्र मोदीलाई बधाई दिएका र दुवै प्रधानमन्त्रीमा शान्ति प्रक्रिया सुरु गर्ने क्षमता रहेको विश्वास गर्ने अमेरिकी विशेषज्ञको प्रतिक्रियाबारे सोधिएको प्रश्नमा मिलरले भने 'हामी भारत र पाकिस्तान दुवैसँगको सम्बन्धलाई महत्त्व दिन्छौं र भारत-पाकिस्तानबीचको प्रत्यक्ष छलफललाई समर्थन गर्छौं । तर गति, दायरा र चरित्र ती दुई देशहरूले निर्धारण गर्नुपर्छ, हामीले होइन ।'

जुन १० मा पाकिस्तानका प्रधानमन्त्री शाहबाज सरिफले प्रधानमन्त्री मोदीलाई भारतको प्रधानमन्त्रीको रूपमा शपथ लिएकोमा बधाई दिएका थिए । 'तेस्रोपटक पदभार ग्रहण गरेकोमा मोदीजीलाई मेरो हार्दिक बधाई । हामी घृणालाई आशाले प्रतिस्थापन गरौं र दक्षिण एसियाका दुई अर्ब मानिसहरूको भाग्य निर्धारण गर्ने अवसरको उपयोग गरौं,' पाकिस्तानका पूर्वप्रधानमन्त्री नवाज सरिफले सामाजिक सञ्जाल एक्समामार्फत शुभकामना दिएका थिए ।

नवाज सरिफको बधाई सन्देशको जवाफमा प्रधानमन्त्री नरेन्द्र मोदीले उनको सन्देशको प्रशंसा गर्दै भारतका जनता सधैं शान्ति, सुरक्षा र प्रगतिशील क्षेत्रका लागि उभिएको उल्लेख गरेका थिए । *रासस/एएनआई*

# रूसी नेता पुटिन थप शक्तिशाली कि कमजोर ?



**वार्सा–** रूसी अर्धसैनिक बलका प्रमुख येभगेनी प्रिगोजिनले गत वर्ष आफ्ना वाग्नर भाडाका सैनिकलाई मस्कोतर्फ पठाएपछि राष्ट्रपति भ्लादिमिर पुटिन कमजोर भएको रूसी विश्लेषकले बताएका थिए । तर एक शताब्दीको लगभग एक चौथाइ आफ्नो सत्तालाई सबैभन्दा गम्भीर चुनौती दिएको एक वर्ष नबित्दै नेता पुटिन अहिले पहिलेभन्दा बढी सुरक्षित देखिएका छन् ।

विद्रोहको दुई महिनापछि विमान दुर्घटनामा प्रिगोजिनको मृत्यु भएको थियो । विद्रोहबाट प्रोगोजिनका वाग्नर लडाकुले दक्षिणी सहर रोस्तोभ-अन-डोनमा रूसको सेनाको मुख्यालय कब्जा गरेका थिए । उनीहरूले सैन्य विमानलाई गोली हाने र बेलारुसले २४ घण्टे विद्रोह अन्त्य गर्ने सम्झौतामा मध्यस्थता गर्नुअघि राजधानी मस्कोतर्फको आधा बाटोमा पुगेका थिए । त्यसपछि पुटिनले एउटा नयाँ नियम लागू गर्दै कसैलाई पनि फेरि उही स्तरको स्वायत्तताको अनुमति नदिइने घोषणा गरेका थिए ।

'प्रिगोजिनको उदय हुनुअघिसम्म हामीसँग कुनै पनि मुद्दा थिएन । एक बलियो सैन्य एकाइका कमान्डरसँग एकै समयमा आर्थिक, राजनीतिक र सञ्चार स्रोतहरू थिए,' अन्तर्राष्ट्रिय मामिलासम्बन्धी थिंक ट्याांक (चाथम हाउस) का सदस्य निकोलाई पेट्रोभले भने । वाग्नरको जनशक्तिको आवश्यकता देखेर पुटिनले प्रिगोजिनलाई दिइएका सबै स्वायत्तताका लागि दिएका थिए । यो उनीहरूको घनिष्ठ व्यक्तिगत सम्बन्धको कारण मात्र होइन तर युक्रेनमा रूसको जमिनी आक्रमणले गति गुमाउँदै थियो र उनलाई वाग्नरको जनशक्तिको आवश्यकता थियो ।

पेत्रोभले भने, 'यो एक महँगो तथा त्रुटिपूर्ण निर्णय थियो र त्यसपछि पुटिनले स्रोतको बाँडफाँड गर्दा नियन्त्रण र वफादारीलाई प्राथमिकता दिएका छन् । पुटिनविरूद्ध कोही पनि विश्वासघाती नभएको भने होइन, ७१ वर्षीय पुटिनले 'रूसी राजनीतिमा सबैभन्दा महत्त्वपूर्ण खेलाडीमाथि प्रत्यक्ष र निरन्तर नियन्त्रण' चाहेका छन् । विडम्बनाको कुरा, नेता पुटिनले हालैका हप्ताहरूमा देशको सैन्य प्रतिष्ठानमा व्यापक परिवर्तन गर्न आदेश दिएका छन् । यो प्रिगोजिनको विद्रोह पूर्वको मागहरूमध्ये एक थियो । रक्षामन्त्री सर्गेई शोइगुलाई पदबाट हटाइएको छ भने भ्रष्टाचारको आरोपमा कयौं वरिष्ठ सैनिक अधिकारीलाई पक्राउ गरिएको छ ।

पुटिनले प्राविधिक अर्थशास्त्री तथा एक सैन्य शक्तिशाली व्यक्ति आन्द्रेई बेलोसोभलाई आफ्नो नयाँ रक्षा प्रमुखको रूपमा नियुक्त गरेका छ । पेट्रोभका अनुसार फेरि कुनै पनि प्रभावशाली नेतालाई बेवास्ता गरे यसले सेनाको हितलाई बढावा दिन सक्छ । प्रिगोजिनले व्यापक भ्रष्टाचार, रणनीतिक अयोग्यता र युक्रेन आक्रमणलाई विफल पारेको आरोप लगाएपछि पुटिनले आफ्ना रक्षा प्रमुखहरूलाई समर्थन गरेका एक वर्षअघिको तुलनामा यो फेरबदलले परिवर्तनलाई चित्रित गरेको छ । पुटिनले यो फेरबदल राजनीतिक दबाबका कारण नभई आवश्यकताका कारण दिएका थिए ।

'उहाँले यी कदम चाल्न र वरिष्ठ सैन्य व्यक्तित्वको हित र जीविकोपार्जनलाई चुनौती दिन सक्षम हुनु उहाँको कमजोरीभन्दा पनि शक्तिको प्रतीक हो,' इन्टरनेसनल इन्स्टिच्युट फर स्ट्राटेजिक स्टडिज रसिया एण्ड युरेसियाका वरिष्ठ सदस्य नाइजेल गोल्ड डेभिसले भने ।

## 'प्रभुत्व'

नेता पुटिनले गत मार्चमा भएको राष्ट्रपतीय चुनावमा ८७ प्रतिशत भारी मतले विजय हासिल गरेर आफ्नो शक्ति प्रदर्शन गरेका थिए । यो मतदानले पुटिनले आफूले चाहेको कुनै पनि कुरा कोर्न सक्ने र जनतालाई त्यसलाई स्वीकार गर्न बाध्य पार्न सक्ने देखाएको गोल्ड डेभिसले बताए । 'यो उनको प्रभुत्व र शक्तिको अभिव्यक्ति हो कि उनी यसबाट भाग्न सक्दछन्, आधिकारिक, प्रकाशित परिणामको सट्टा कुनै पनि तरिकामा वास्तविक समर्थन प्रतिबिम्बित गर्दछ,' उनले भने ।

पेत्रोभका अनुसार पुटिनले सकेसम्म धेरै मत प्राप्त गरेको पुष्टि गर्न रुचाउँछन् । पुटिनको विशाल बहुमत पनि सुनियोजित थियो । परिणाम 'सांकेतिक' थियो । उनले आफ्नो लोकप्रियता 'युद्ध अघिको भन्दा धेरै उच्च छ' भनेर देखाउनुपरेको पेत्रोभले एएफपीसँग बताए । पुटिनका एकमात्र वास्तविक राजनीतिक प्रतिद्वन्द्वी एलेक्सी नाभाल्नीको गत फेब्रुअरीमा आर्कटिक जेलमा १९ वर्षको जेल सजाय काटिरहेका बेला निधन भएको थियो ।

गोल्ड डेभिसले भने, 'अन्य दमनकारी उपाय र अन्य व्यक्तिमाथि लगाइएका अनुकरणीय जेल सजायसँगै नेता पुटिनले अहिले जनसंख्याको ठूलो हिस्सालाई तर्साउनुभएको छ । यसको अर्थ क्रेमलिनको समर्थन गहिरो छ भन्ने हुँदै होइन ।' *रासस/एएफपी*


**ABSOLUTELY ZERO COST RECRUITMENT Opportunity for Malaysia!!**
**पूर्णतया शून्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारीको अवसर !!**

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!
Free Food, Free Accommodation, and Free Transportation during recruitment process (after selection). The Employer will bear the entire costs related to the recruitment for candidates that are selected for hiring.
निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रिया, सेवा शुल्क नलाग्ने, तलब कटौती नहुने, नगद जम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित१
भर्ती प्रक्रियामा (छनौट पश्चात) निशुल्क आवास, निशुल्क खाना तथा यातायात रोजगारदाताले छनौटमा परेका आवेदकहरुको भर्ती सम्बन्धि सम्पूर्ण खर्चहरु ब्यहोर्नेछ ।

**कम्पनी : FOREST SOLUTIONS SERVICES SDN BHD**
**फरेस्ट सोलुसनस् सर्भिसेज एसडिएन बिएचडी**
रोजगारदाता कम्पनीको ठेगाना / काम गर्ने स्थान : Employer Company Adress / Job Site : Sabah, Malaysia साबाह, मलेशिया

Pre-Approval Date: 2024/06/16 पूर्व स्वीकृति मिति २०८१/०३/१८ | LT. No. 306506 लट नं. ३०६५०६ | Invoice No: 60221206 चलानी नं. ६०२२१२०६

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's | | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब: Monthly Salary | | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष Male | महिला Female | | रिंगिट MYR | ने.रू. NPR | | | | | | | |
| 1 | General Worker | 100 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४२,५०५ | क. नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

**Employment Terms and Condition / रोजगार नियम र सर्तहरू :**

1. Nature of Job: General Worker in Agriculture sector.
कामको प्रकृति : उत्पादन क्षेत्रमा कारखाना कार्यकर्ता वा उत्पादन अपरेटर
2. Overtime shall be voluntary.Overtime Payment Calculated as
ओभरटाइम स्वेच्छिक हुनेछ ।ओभरटाइम भुक्तानी गणना
i) on Normal Days:Salary*1.5 /सामान्य दिनमा : तलब ८ १.५
ii)on Sundays/rest days: Salary*2.0 / आइतबार/विश्राम दिनः तलब ८ २.०
iii)on Public Holidays:Salary*3.0 /सार्वजनिक बिदामा : तलब ८ ३.०
3. Rest Day:One day in a week in accordance to labor law in Malaysia.
विश्राम दिन : मलेसियाको श्रम कानून अनुसार हप्तामा एक दिन ।
4. Public Holiday: Paid Holiday for atleast 13 public holidays in any one year of service in accordance to labor law in Malaysia.
सार्वजनिक बिदा : मलेसियाको श्रम कानून बमोजिम सेवाको कुनै एक वर्षमा कम्तिमा १३ सार्वजनिक बिदाको लागि भुक्तान गरिएको बिदा ।
5. Annual Leave:8 days for first two years of service.वार्षिक बिदाः सेवाको पहिलो दुई वर्षको लागि ८ दिन ।
6. Sick Leave/ बिरामी बिदा
i) Without Hospitalization:14 days sick leave for each year of service for less than 2 years.
र अस्पतालमा भर्ना बिना : २ वर्ष भन्दा कम सेवाको प्रत्येक वर्षको लागि १४ दिन बिरामी बिदा ।
ii) Incase of Hospitalization:60 days sick leave in each calender year
र अस्पताल भर्ना भएको अवस्थामाः प्रत्येक पात्रो वर्षमा ६० दिन बिरामी बिदा
7. Medical and Accident Insurance: Under the current Foreign Workmen Compensation (Insurance) Scheme (FWCMS) and if applicable, the Foreign Workers Health Insurance Scheme or any other insurance scheme as may be adopted by the Government of Malaysia which will be insured by employer.
हालको विदेशी कामदार क्षतिपूर्ति (बीमा) योजना (FWCMS) अन्तर्गत बीमा र यदि लागू हुन्छ भने, विदेशी कामदार स्वास्थ्य बीमा योजना (SPIKPA) वा मलेसिया सरकारले अपनाएको कुनै अन्य बीमा योजना जुन रोजगारदाताद्वारा गरिनेछ ।
8.Right to freedom of association and collective bargaining will be respected.
संघको अधिकार र सामुहिक बार्गेनिङलाई सम्मान गरिनेछ ।
9. Right to freedom of Religion. धर्मको स्वतन्त्रताको अधिकार।
10. Right to Freedom of Movement and allowed to repatriate without any Deposits.
आवतजावतको स्वतन्त्रताको अधिकार र कुनै पनि निक्षेप बिना स्वदेश फिर्ता गर्न अनुमति।
11. Incase of Repatriation and Early Termination, Employer shall bear the cost of Transportation from Malaysia to Nepal.
स्वदेश फिर्ता भएमा र प्रारम्भिक समाप्ति भएमा, मलेसियाबाट नेपालसम्मको यातायात खर्च रोजगारदाताले वहन गर्नेछ ।

| स्वदेशमा बनाउने पासपोर्टको शुल्क कसले ब्यहोर्ने र कति लाग्ने Who will bear the Passport Making Cost at Origin Country | स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | सामाजिक सुरक्षा कोष सम्बन्धी व्यवस्था Management Of Workers Welfare Fund will bear the Visa Cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bearit | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले अन्तर्वार्ताभन्दा एक महिना अगाडि बनेको पासपोर्टको ने.रु.५०००।- का दरले ब्यहोर्ने NPR 5000/- By the Employer (for new passport issued a month before the interview date only) | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८।- उमेर ३६ देखि ५० : ने.रु.४९३१।- उमेर ५१ देखि ६४ : ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | ने.रु.७०० ।- रोजगारदाताले ब्यहार्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : Management of Workers Welfare Fund — ने.रू.१५०० ।- रोजगारदाताले ब्यहार्ने NPR 1500/- By the Employer
सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने :How much is the Service Fee and who will bear it — रोजगारदाताले ब्यहार्ने By the Employer

अन्लाईन अन्तर्वार्ता प्यारामाउन्ट इम्प्लोईमेन्ट कन्सलटेन्सी कार्यालय, बालकुमारी/ललितपुरमा मिति २०८१/०३/१६ मा हुनेछ ।
Online Interview will be held at Paramount Employment Consultant Office at Balkumari/ Lalitpur on 30th June 2024.

प्यारामाउन्ट इम्प्लोईमेन्ट कन्सलटेन्सीको कुनै शाखा तथा मध्यस्थकर्ता छैन। बैदेशिक रोजगारमा जाने कामदारहरूबाट कुनै पनि भर्ना शुल्क लिने छैन। यसको मतलब आवेदकहरू, आवेदकको परिवार तथा आफन्तबाट कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने, जबरजस्ती बचत गर्नु नपर्ने, कुनै बन्धन नहुने र नगद जम्मा गर्नु नपर्ने।
Paramount Employment Consultant does not have any branch or mediator representative. PEC is a non-fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no forced savings, no bonds, no cash deposits or any form of fees shall be paid by the candidate or his/her family or relatives.

**Note:** (नोट:)
1. This is an absolutely zero-cost recruitment. Thus, the applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment and PEC and its employees are not authorized to accept any gift, cash, in order for the applicants to secure a job.
१. यो पूर्णतया शुन्य लागत अन्तर्गतको रोजगारी हो । यसकारण, आबेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ । आबेदक वा आबेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन । साथै कुनैपनि आवेदकको जागिर सुनिश्चितताको लागि प्यारामाउन्ट र यसका कर्मचारीहरुलाई कसैसँग पनि कुनैपनि किसिमको उपहार तथा नगद लिने अधिकार छैन ।
2. Mandatory attendance at pre-screening orientation and preselection is required for all aspiring applicants, with only those preselected being considered for the final interview.
२. सबै इच्छुक आबेदकहरु पूर्व छनौट अभिमुखिकरण र पूर्वचयन प्रक्रियामामा अनिवार्य उपस्थित हुन अनुरोध गरिन्छ । पूर्वचयनित उम्मेदवारहरु मात्र अन्तिम अन्तर्वार्ताको लागि योग्य हुनेछन् ।
3. All applicants will be served on "First Come First Serve" basis.
३. सबै आवेदकहरुलाई पहिलो सेवाग्राहीलाई पहिलो प्राथमिकताका आधारमा सेवा दिइनेछ ।
4.This recruitment will be conducted adhering to freely chosen employment policy without any form of biasness or discrimination.
४.यो भर्ती कुनैपनि प्रकारको पूर्वाग्रह वा भेदभावविना स्वतन्त्ररुपमा रोजेको रोजगार नीतिको पालना गरि सञ्चालन गरिनेछ ।
For age verification during the pre-screening process, all applicants are kindly requested to bring at least two government issued original identity document. For example: citizenship card, existing passport (if any), national identity card, voter's card, driving license, etc.
५. पूर्वचयन प्रक्रियामा उमेर प्रमाणीकरणको लागि सबै आवेदकहरुलाई कम्तिमा दुईवटा नेपाल सरकारले जारी गरेको परिचय खुल्ने सकल कागजात ल्याउन अनुरोध गरिन्छ । जस्तैः नागरिकता, राहदानी (यदि छ भने), राष्ट्रिय परिचय पत्र, मतदाता परिचय पत्र, चालक अनुमति पत्र, इत्यादि ।

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २.आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस विज्ञापन (सूचना) मा उल्लेखभएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४.विदेशजानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिमअनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघिआफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।
Information provided by the Department of Foreign Employment (DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment (DOFE), Tahachal.

PARAMOUNT
श्रम ईजाजत नं. ४१७/०६०/६१
**Paramount Employment Consultant Pvt. Ltd.**
P.O.Box: 24009, Balkumari, Lalitpur, Tel: 01-5186269, 5186052
Email: admin@paramount-consultant.com, Web: paramountconsultant.com



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि.- पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्षे.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला - १४२२०० | प्रति तोला - १४१५०० | प्रति तोला - १८१५ |



**रारामा पर्यटक** | मुगुको छायाँनाथ रारा नगरपालिका-९ हुटुमा रहेको स्वर्गकी अप्सरा भनेर चिनिने रारा तालको किनारमा घोडामा चढेर यात्रा गर्दै आन्तरिक पर्यटक । यहाँ आउने अधिकांश पर्यटक घोडा चढेर तालको अवलोकन गर्ने गर्छन् । *तस्बिरः सुरेश आचार्य/रासस*

## बजेट कार्यान्वयन योजना बनाउन सुरू

■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थ मन्त्रालयले आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट कार्यान्वयनको योजना बनाउने काम थालेको छ । अर्थमन्त्री वर्षमान पुनले मन्त्रालयका दुवै सचिव, महाशाखा प्रमुखहरू, भन्सार विभाग, आन्तरिक राजस्व विभागलगायतका उच्च अधिकारी बोलाएर कार्ययोजनाबारे प्रारम्भिक छलफल गरेको अर्थमन्त्री पुनको सचिवालयले जनाएको छ ।

त्यस क्रममा अर्थमन्त्री पुनले कार्यान्वयन हुन सक्नेगरी वस्तुवादी योजना तयार पार्न निर्देशन दिए । 'खर्च बढाउने गरी र कार्यान्वयन हुन सक्ने गरी वस्तुगत कार्ययोजना बनाऔँ । तोकिएको समयमा लक्ष्यअनुसार खर्च गर्ने र खर्च बढाउन सकियो भने त्यति नै बजार चलायमान हुने हो', अर्थमन्त्री पुनले भने, 'हामीले अहिले असारमा गरिरहेको खर्च छ महिनाअघि गर्न पाएको भए दुई/तीनपटक बजारमा 'सर्कुलेट' हुन्थ्यो। त्यसबाट राजस्व संकलन र रोजगारी सृजना हुन्थ्यो । हामी परम्परागत नहोऔँ, समयमै काम गर्ने गरी योजना बनाऔँ ।' बजेट कार्यान्वयनका लागि त्रैमासिक योजना बनाएर काम गर्न र दसैं-तिहारजस्ता ठूला पर्वको बिदा ख्याल गरेर मात्र कार्ययोजना बनाउन अर्थमन्त्री पुनले निर्देशन दिए ।



उनले स्थानीय तहमा जाने समानीकरण अनुदानको रकम तत्काल निकासा गर्न निर्देशन दिएका छन् । 'स्थानीय तह बजेट ल्याउने अन्तिम तयारीमा छन् । समानीकरणको बजेट भरसक शत्प्रतिशत पठाऔँ । नभए पनि अघिल्लो वर्षको भन्दा बढी जाने व्यवस्था मिलाऔँ', उनले कर्मचारीलाई निर्देशन दिँदै भने । कर्मचारीलाई उच्च मनोबल र आँटका साथ काम गर्न निर्देशन दिँदै कानुनसम्मत काम गर्दा नडराउन भने । मन्त्री वा मन्त्रीभन्दा माथिल्लो ओहोदाका कसैले कानुनबाहिर गएर काम गर्न निर्देशन दिए त्यसको अवज्ञा गर्न उनको सुझाव थियो ।

आगामी आर्थिको वर्षको वित्त नीतिसँग तालमेल हुने गरी नेपाल राष्ट्र बैंकले मौद्रिक नीति ल्याउने उनले विश्वास व्यक्त गरे । 'मानिसहरूले मौद्रिक नीतिले सार्वजनिक वित्त नीतिलाई सपोर्ट गर्छ कि गर्दैन भनेर अनावश्यक टिप्पणी गरिरहेको सुनिन्छ । विगतमा पनि त्यस्तो टिप्पणी हुने गरेका थिए', मन्त्री पुनले भने, 'राष्ट्र बैंक राज्यकै निकाय भएकाले वित्त नीतिभन्दा फरक हुँदैन भन्ने विश्वास छ । नीतिगत एकरूपता भएपछि अनावश्यक टिप्पणी र आशंका गर्ने ठाउँ हुँदैन । नतिजा राम्रै आउँछ ।' छलफलमा गभर्नर महाप्रसाद अधिकारी पनि सहभागी थिए ।

## राजस्व संकलनमा सामान्य वृद्धि

■ प्रभाव संवाददाता

**काठमाडौं–** गत आर्थिक वर्षको तुलनामा चालु आवमा राजस्व संकलनमा सामान्य वृद्धि भएको छ । चालु आवको ११ महिनामा रु ४१ अर्ब १९ करोड राजस्व संकलन भएको छ । आन्तरिक राजस्व विभागका अनुसार गत वर्ष सोही अवधिमा रु ३७ अर्ब संकलन भएको थियो । यो वृद्धि ११ दशमलव ३० प्रतिशतले बढी हो । चालु आवको जेठ मसान्तसम्म रु चार खर्ब ४८ अर्ब राजस्व संकलन भएको छ । यो गत वर्षको सोही अवधिको तुलनामा नौ दशमलव ६४ प्रतिशतले बढी हो ।

गत वर्ष जेठ मसान्तसम्मको राजस्व असुली रु चार खर्ब आठ अर्ब थियो । गत वर्षभन्दा चालु आवको यो अवधिसम्म रु ४० अर्बले राजस्व संकलनमा वृद्धि भएको विभागका महानिर्देशक शिवलाल तिवारीले राससलाई जानकारी दिए ।

आयकर (भाडा र ब्याजसमेत) बाट रु दुई खर्ब ३२ अर्ब, मूल्य अभिवृद्धिकर (आन्तरिक)बाट रु एक खर्ब १२ अर्ब र अन्तःशुल्कबाट रु ९५ अर्ब संकलन भएको छ । महानिर्देशक तिवारीका अनुसार स्वास्थ्य सेवा, शिक्षा र अन्यबाट रु आठ अर्ब राजस्व उठेको छ । हालसम्म लक्ष्यको ७८ दशमलव पाँच प्रतिशत रकम असुली भएको छ ।

गत वर्षको सोही अवधिको तुलनामा राजस्व संकलनमा वृद्धि भए पनि सरकारले चालु आवमा निर्धारण गरेको लक्ष्यमा भने पुग्न सकेको छैन । राजस्व योगदानमा करदाता कार्यालयहरूमध्येको ठूला करदाता कार्यालयको हिस्सा करिब ४० प्रतिशत छ । यो कार्यालयले रु एक खर्ब ७५ अर्ब संकलन गरेको छ । ठूला करदाता कार्यालयको राजस्व असुली लक्ष्य रु दुई खर्ब ३८ अर्ब थियो ।

वार्षिक एक अर्बभन्दा बढीको कारोबार गर्ने करदाताबाट ठूला करदाता कार्यालयले कर संकलन गर्दै आएको छ । एक अर्बभन्दा बढीको कारोबार गर्ने करदाता सफ्या पाँच सय ४५ छन् । कोरोना महामारीलगायत विविध कारणले केही वर्षयता अर्थतन्त्रमा आएको सुस्तताका कारण राजस्व संकलनमा कमी आए पनि चालु आवको उत्तरार्द्धमा अर्थतन्त्रमा भएको सुधारले राजस्व संकलनमा वृद्धि भएको महानिर्देशक तिवारी बताउँछन् ।

अन्तःशुल्कमा बढाइएको निगरानी, धितोपत्र बजार र घरजग्गा व्यवसाय कारोबारमा भएको वृद्धि तथा पुँजीगत खर्चमा भएको वृद्धिले पनि राजस्व संकलनमा सकारात्मक प्रभाव परेको उनले बताउँछन् ।

## महानगरको कार्यक्रम र वार्षिक बजेटबारे छलफल

■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं महानगरपालिकाकी उपप्रमुख सुनिता डंगोलको अध्यक्षतामा आर्थिक बर्ष २०८१/८२ का लागि विभागहरूले प्रस्ताव गरेका कार्यक्रम र वार्षिक बजेटका विषयमा छलफल भइरहेको छ ।

विभागले विषयगत समितिमा छलफल गरेर छलफलका लागि बजेट तथा कार्यक्रम पेश गरेका हुन् । बैठकमा विषयगत समितिका संयोजकहरू थिए । प्रस्तावमाथि सबै वडाध्यक्षको पृष्ठपोषण लिनका लागि आज सबै वडाध्यक्षहरूलाई छलफलमा आमन्त्रण गरिएको, समितिका संयोजक डंगोलले जानकारी दिइन् ।

हिजो प्रशासन विभाग, कृषि तथा पशुपन्छी विभाग, सूचना प्रविधि, वातावरण व्यवस्थापन विभाग, आन्तरिक लेखा परीक्षण एकाइ, खरिद एकाइ, हनुमान ढोका दरबार संरक्षण कार्यक्रमसहितका विभागका प्रस्तावमाथि छलफल भयो । आज सहरी योजना आयोग, सामाजिक विकास विभाग, सार्वजनिक निर्माण विभागसहित विभाग, आयोजना तथा सचिवालयका प्रस्तावमाथि छलफल हुनेछ । नगर सभाको १५ औं अधिवेशनअन्तर्गत सभामा नीति पेश भइसकेको छ । अधिवेशनको अर्को बैठक असार १० गते बस्ने कार्यक्रम छ । बैठकमा आर्थिक तथा विनियोजन विधेयकहरू पेश हुनेछन् ।

## पर्यटकीयस्थल जोड्न नौ किलोमिटर पदमार्ग

■ प्रभाव संवाददाता

**म्याग्दी (बेनी)–** जिल्लाका पर्यटकीयस्थलमा पुग्न नौ किलोमिटर पदमार्ग निर्माण गरिएको छ । गण्डकी प्रदेशको उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयबाट चालु आर्थिक वर्ष २०८०/ ८१ मा जिल्लामा विभिन्न १८ वटा पर्यटन पूर्वाधार योजनामा प्राप्त रु एक करोड ५६ लाख बजेटबाट पदमार्गलगायतका पूर्वाधार निर्माण गरिएको पर्यटन तथा उद्योग कार्यालय म्याग्दीले जनाएको छ ।

जिल्लाका विभिन्न चर्चित, ऐतिहासिक र धार्मिक पर्यटकीयस्थलमा पर्यटन पूर्वाधार निर्माण योजनामा प्राप्त बजेटबाट सात किलोमिटर ४८ मिटर नयाँ ट्र्याक बनाउने, ढुङ्गाको सिँढी चिनेर पदमार्ग बनाउने काम भएको पर्यटन तथा उद्योग कार्यालय, म्याग्दीका प्रमुख पोषनाथ शर्माले जानकारी दिए । उनका अनुसार, एक किलोमिटर ७२ मिटर पदमार्गमा ढुङ्गा छापेर पदमार्ग बनाइएको छ भने एक किलोमिटर ८२ मिटर पदमार्गलाई ढलान गरेर निर्माण गरिएको छ ।



पदमार्गसँगै धार्मिक पर्यटकीयस्थलमा घेराबार, संरक्षण, प्रवेशद्वार, रेलिङ, भ्यू पोइन्ट, वनभोजस्थललगायतका पूर्वाधार निर्माण भएको कार्यालयका सव-इन्जिनियर सुमन बोगटीले जानकारी दिए । 'यस वर्ष जिल्लामा पर्यटन पूर्वाधार योजनामा प्राप्त सबै योजना सम्पन्न भएका छन्, कार्यालयको तर्फबाट अन्तिम अनुगमन र नापजाँच भएर अहिले धमाधम योजनाको भुक्तानी दिने काम भइरहेको छ, पर्यटन पूर्वाधार बनेपछि पर्यटक प्रवर्द्धनमा सघाउनुका साथै स्थानीयवासीलाई सुविधा पुगेको छ', उनले भने ।

यस वर्ष सबैभन्दा धेरै रु २० लाख बजेट विनियोजन भएको अन्नपूर्ण गाउँपालिका-५ को खोप्रालेकमा पदमार्ग, भ्यू पोइन्ट निर्माणसँगै खानेपानीको पूर्वाधार निर्माण गरिएको छ । जिल्लाकै ऐतिहासिक धार्मिकस्थल ताकमकोट, ज्यामरुकोट, चिनाकोटमा रु १०/१० लाख बजेटबाट पदमार्ग, रेलिङलगायतका पर्यटन पूर्वाधार निर्माण भएका छन् । बेनी नगरपालिका-९ स्थित ढोलथानमा रु १० लाख बजेटबाट पदमार्ग, प्रवेशद्वार वनभोजस्थल र रेलिङ निर्माण भएको कार्यालयले जनाएको छ ।

महभिरदेखि करबाकेलीथान जाने बाटो, पनथोकदेखि मालिका जोड्ने बाटो, गलेश्वर-काउलेगौडा-नेप्टेचौर ढोलठान जाने बाटो, दर्मिजा-नांगीदेवि थान बाटो, लामाखोरिया-डाँडागाउँ जोड्ने बाटोमा रु १०/१० लाख बजेटबाट पदमार्ग निर्माण र विस्तार गरिएको छ ।

त्यसैगरी बेनीस्थित डल्लेपिपल-फोहोटे रिठाबोट र रघुगङ्गा गाउँपालिका-२ भगवतीको अन्नपूर्ण आधारभूत विद्यालयदेखि हवल्दारको चौतारासम्म रु आठ/आठ लाख बजेटबाट सिँढी चिनेको पदमार्ग निर्माण गरिएको छ । बेनी नगरपालिका-१ रत्नेचौरमा रहेको परम बैदिक धार्मिक सनातन आश्रम, सारेमारे-भूवाने, भालश्री छापाछाड औसी- खालीखोला, बलौटे-दुखुबेंसी, कालीबराह ताल, शिलखुङ-चाङ्गा जोड्ने बाटोमा रु पाँच/पाँच लाख बजेटबाट पदमार्ग निर्माण तथा संरक्षणको काम गरिएको पर्यटन तथा उद्योग कार्यालय म्याग्दीले जनाएको छ ।

**सम्पूर्ण एजेन्सी तथा विज्ञापनदाताहरूमा हार्दिक अनुरोध**

यस प्रभाव दैनिक प्रालिद्वारा प्रकाशित प्रभाव राष्ट्रिय दैनिकसँग कारोबार गर्दै आउनुभएका सम्पूर्ण एजेन्सी, विज्ञापनदाता तथा संघसंस्थाहरूलाई आव ०८०/०८१ को बक्यौता रकम २०८१ असार २५ गतेभित्र भुक्तानी गरी हरहिसाब मिलान गर्नहुन सादर अनुरोध गर्दछौं । साथै सम्पूर्ण विज्ञापनदाता एजेन्सीहरु सहकार्यका लागि हार्दिक कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा अझै प्रगाढ र सुमधुर सम्बन्ध रहने कामना व्यक्त गर्दछौं ।

लेखा शाखा
**प्रभाव पब्लिकेसन प्रा.लि.**
सिफल-७, काठमाडौं, नेपाल
फोनः ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००
Email: marketing2prabhab@gmail.com

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन पा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ